Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ४०, २०७९ साल बैशाख २७ गते मंगलबार (May 10, 2022) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

**अनलाइन** सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# देशभर चुनावको लर्को, खर्च चर्को

**मोहन कार्की**

यहि २०७९ साल बैशाख ३० गते स्थानीय निर्वाचन हुदैछ । देशभर बिभिन्न पार्टीको आ(आफ्नो तरिका अनुसार, पार्टीको झण्डा बोकेर नारा लगायर, गीत बजाएर कार्यक्रमहरु गरिरहेका छन् । जनताको लर्को पनि निक्कै देखिन्छ । सायद यसरी नै जनता चुनावको वेला लर्को लागु नभनेर नै उत्पादनमुखी केही कामको सृर्जना राजनीतिक पार्टीका जिम्मेवार वा स्थानीय सरकार चलाएकाहरुले नगरेका होलान् !

जनता सक्षम भए भने राजनीतिक पार्टीहरुको कार्यक्रममा, चुनावहरुमा आउदैनन् त्यसैले जनतालाई गरिवी, अभाव, तनावमा जति राख्यो त्यति राजनीतिक पार्टीहरुलाई फाइदा हुने रहेछ । नेपालका राजनीतिक पार्टीहरुले त्यस्तै गरेको देखिन्छ । नेपालको अस्थिर राजनीतिमा यो सत्यता लुकाएर लुकाउन सकिने ठाउँ छैन ।

विकसित राष्टूहरुमा राजनीतिले राष्टूको असल नीति बनाउन असल नेता छान्नको लागि निर्वाचन गर्ने गर्दछन् । ठिक त्यसैको विपरित हाम्रो नेपालमा समाजले नरुचाएको व्यक्तिहरुलाई राजनीतिक पार्टीले टिकट दिएर उम्मेद्धार बनाएर पठाउँछ । त्यो ठुलो पार्टी भनिएको हुन्छ । उसैले चर्को खर्च गर्छ । हुलहुज्जत गरेर विसौ गाडी लाइन लगाउँछ । झण्डा, पताका,



माइक, ठुलाठुला साउण्ड बक्स गाडीमा जडान हुन्छन् । आवश्यक परेका खण्डमा पाखुरा ठुला भएका मानिस लगाएर निमुखा जनतालाई तर्साउने, धम्काउने सम्मका कार्यहरु गर्ने गरेको छन् ।

एक महिनासम्म जनतालाई पनि भोज भतेरमा मस्त पारेर प्रभाव पार्ने गरेको जतातत‍ै देखिन्छ । हेर्दा यत्रो चर्को चुनाव खर्च कहाँबाट कसरी किन आइरहेको छ । अचम्मको दृष्य देखेर जिब्रो काड्ने गर्छन ।

जो मानिसहरु समाजको लागि महत्वपुर्ण ठाउँमा पुगेर दिर्धकालीन योजना बनाएर काम गर्ने सोच राख्छन् उनिहरुले अवसर पाएका हुदैनन् र अचम्म मान्दै बसेका हुन्छन् । राजनीतिक पार्टीका कुनै कुनै यदाकदा नेताहरुले यो देश विदेशी शक्तिवाट चल्छ भनेर भाषण गरेको सुनिन्थ्यो नेपालमा हुने चुनावको चर्को खर्च र समाजले नरुचाएका व्यक्तिहरुले मात्रै अवसर पाउने देख्दा तियदाकदा यो देश विदेशी शक्तिबाट चल्छ भनेर आरोप लगाउने नेताहरुको भनाईलाई यस्ता चुनावमा हुने अमर्यादितकियाकलापले पुष्टि गर्दै लगेको देखिन्छ ।

नेपालको हितमान भएका क्रान्ति र चुनाव ।

नेपालको हितमा न कुनै क्रान्ति भएको देखियो न कुनै निर्वाचन सवै पुरातन तरिकाले एक दुईवटा पार्टीका व्यक्ति विशेषलाई संरक्षण गर्न र उनिहरुलाई सधै सत्तामा पुऱ्याइ रहनवाहेक जे जे नामदिएको निर्वाचन भए पनि रङगमञ्चमा गरिएको एउटा नाटक जस्तो मात्र निर्वाचन हुने गरेको छ । यो खालको नाटक नेपाल देश र नेपाली जनताको हितमा छैन । नेपाली जनताले जित्ने निर्वाचन हुदै होइन नेपाली अनुहरका विदेशीवाट परिचालितहरुले जित्ने निर्वाचन मान्न सकिन्छ ।

निर्वाचन भनेको के हो त ?

निर्वाचन भनेको देशमा असल साशन स्थापना गर्न स्वतन्त्र ढंङगवाट असल(असल व्यक्तिहरुको योजनामा प्रतिस्पर्धामा गरिने र असलको उत्कृष्ट असल मानिसहरुलाई जनताले चुनेर पठाउने र जनताको लागि जनताले नै चुनेर जनताको काम गर्ने परिपाटीलाई लोकतान्त्रिक पद्धतीलाई निर्वाचन भनिन्छ । त्यस्तो अभ्यास नेपालमा देखिदैन ।

बाँकी ६ पृष्ठमा

# नारायणकाजीलाई गृह पालिकामै जिताउन हम्मेहम्मे

गोरखा । पूर्व उपप्रधानमन्त्री एवं माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठलाई यतिबेला चुनावी सभालाई सम्बोधन गर्दैमा भ्याईनभ्याई छ । बिहान ८ बजेदेखि बेलुका ११ बजेसम्म उनी निर्वाचन क्षेत्रमा चुनावी सभालाई सम्बोधन गर्ने, मतदाता भेट्ने अनि भोट माग्ने काममै व्यस्त छन् । श्रेष्ठ आफ्नो निर्वाचन क्षेत्रका पालिकामा माओवादीका उम्मेदवारलाई जिताउनभन्दै घुँडा धसेरै लागिपरेको देखिन्छ ।

तर, उनलाई आफ्नै गृहपालिका सिरानचोकमा उम्मेदवार जिताउन हम्मेहम्मे पर्ने देखिन्छ । यस गाउँपालिकामा ८ वटा वडा छन् । स्थानीय निर्वाचन २०७४ बाट यस गाउँपालिकामा उनको गृह वडामा मात्रै माओवादीले जित हासिल गरेको थियो ।

सिरानचोक गाउँपालिका वडा नम्बर ८ मा झटकप्रसाद दवाडीले माओवादीको तर्फबाट जितेका थिए । दवाडी कांग्रेसमा लोकप्रिय पाको नेताको रूपमा चिनिन्थे । तर, चुनावमा उनलाई कांग्रेसले टिकट नदिएपछि माओवादीबाट उम्मेदवार बनेका थिए ।

यद्यपि गाउँपालिका अध्यक्षमा भने माओवादीका उम्मेदवार एक सय ६७ मतले मात्रै पराजित भएका थिए । अघिल्लो निर्वाचनबाट गाउँपालिकाको अध्यक्षमा कांग्रेसका राजु गुरुङ ३ हजार ४०२ मतका साथ निर्वाचित भएका थिए भने निकटमा प्रतिद्वन्द्वी माओवादीका

बाँकी ६ पृष्ठमा

# चितवनको इच्छाकामना गाउँपालिकामा कसले मार्ला बाजी

चितवन । चितवनको एक मात्रै गाउँपालिका इच्छाकामनामा सत्ता गठबन्धन र नेकपा एमालेबीचको प्रतिस्पर्धा रोचक बन्ने अनुमान छ । एमाले उम्मेदवार दानबहादुर गुरूङ र सत्ता गठबन्धनबाट कांग्रेसकी गीता गुरूङमध्ये गाउँपालिकाको अध्यक्ष को बन्ला भन्ने व्यग्रता इच्छाकामनामा छ । यहाँ सत्ता गठबन्धनबाट उपाध्यक्षमा माओवादीका प्रताप गुरूङ उपाध्यक्ष उम्मेदवार छन्, एमालेबाट माया सिलवाल उपाध्यक्ष उठेकी छन् । एमालेबाट उम्मेदवार बनेका दानबहादुर शिक्षक हुन् भने गीता यसअघि गाउँपालिका अध्यक्ष बनेर दोस्रो इनिङको सुरुवात गर्ने तयारीका लागि उम्मेदवार बनेकी छिन् । दुवै गुरुङ समुदायका भएकाले यहाँको निर्वाचन रोचक बन्ने अनुमान छ । मुग्लिन, कुरिनटार र फिस्लिङजस्ता बढी मतदाता भएको पृथ्वी राजमार्गको क्षेत्र यही गाउँपालिकामा पर्दछ । ७ वटा वडा रहेको गाउँपालिकामा वडा नं. ४ र ५ बजार क्षेत्रमा पर्दछ । बाँकी वडाहरु ग्रामिण भेगमा छन् ।

कसले जित्ला चुनाव ?

२०७४ को स्थानीय तह निर्वाचनमा कांग्रेसले अध्यक्ष र उपाध्यक्ष दुवै पद जितेको थियो । त्यति बेला कांग्रेस एक्लै चुनाव लडेको थियो । अहिले कांग्रेसलाई गठबन्धनका अन्य दलको साथ छ भने एमाले एक्लै प्रतिस्पर्धामा छ । २०७४ को चुनावमा गाउँपालिका अध्यक्षमा कांग्रेसबाट उम्मेदवार बनेकी गीता गुरूङले ३ हजार २५४ मत ल्याएर जित निकालेकी

बाँकी ६ पृष्ठमा

# आज राति १२ बजेदेखि मौन सुरु

काठमाडौं । पालिका चुनावका लागि आज राति १२ बजेदेखि मौन अवधि लागू हुँदैछ । निर्वाचन आयोगले आउँदो शुक्रवार हुने मतदानका लागि आज मध्यरातिदेखि मतदान सम्पन्न नभएसम्म मौन अवधि लागू गरेको हो ।

मौन अवधिमा आचारसंहिता विपरीतका गतिविधि गर्न नपाइने आयोगले जनाएको छ । चुनावलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउन मौन अवधि तोकिएको आयोगले जनाएको छ । यो अवधिमा कुनै पनि माध्यमबाट प्रचारप्रसार गर्न तथा मतदातालाई प्रभाव पार्ने किसिमका कुनै पनि गतिविधि




गर्न पाइने छैन । दल, उम्मेदवारलगायतले प्रचारसहित भेला, गोष्ठी गर्न नपाउने आचरण निर्देशिकामा उल्लेख छ । मतदानस्थलको तीन सय मिटर वरपर दल तथा उम्मेदवारले प्रचार सामग्री राख्न पाउने छैनन् । सामाजिक सञ्जाल वा अरु माध्यमबाट पक्ष वा विपक्षमा सन्देश, सूचना वा प्रचार सामग्री राख्न, पोष्ट गर्न, सेयर गर्न नपाइने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो । आयोगले यो अवधिमा उम्मेदवार, दलका कार्यकर्ता तथा सम्बन्धित व्यक्तिको निगरानी गर्ने र त्यस्ता गतिविधि भएमा तत्काल कारबाही गर्ने जनाएको छ । निर्देशिका विपरीत मौन अवधिमा मतदाता प्रभावित पार्ने गतिविधि गरेमा उम्मेदवारी रद्ददेखि एक लाख रुपैयाँ जरिबानासम्मको कारबाही हुनसक्ने उल्लेख छ ।

यस्तै, आज मध्यरातिदेखि नै चीन र भारतसँग जोडिएका सीमा नाका बन्द हुने भएका छन् । राति १२ बजेदेखि मतदान हुने दिन शुक्रवार राति १२ बजेसम्म सीमानाका बन्द हुने गृह मन्त्रालयले जनाएको छ । कुनै देशमा चुनाव हुँदा अन्तर्राष्ट्रिय नियमअनुसार नै सीमा नाका बन्द गर्ने गरिन्छ । चुनावलाई मध्यनजर गरेर सीमा क्षेत्रको सुरक्षा व्यवस्था कडा गरिएको पनि मन्त्रालयले जनाएको छ । चुनावलाई शान्तिपूर्ण र मर्यादित बनाउन भन्दै आज रातिदेखि जाँडरक्सी बिक्रीवितरणमा पनि रोक लगाइएको छ ।



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# २०७९ स्थानीय तह निर्वाचन सभ्यहोस्

यहि ३० गते स्थानीय निवाचन हुदै छ । यस निर्वाचनमा सभ्य भएर राजनीतिक पार्टीहरुले एउटा असल ब्यवहार देखाउन् भन्ने आशा समाजले गरेको छ ।

निर्वाचन भनेको जनताले समाज परिवर्तनको लागि आफैले छानेर पठाएको नेतृत्वले आफैलाई अनुसाशनमा राख्ने एक नैतिक जिम्मेवारी पद हो । त्यही पदको सदुपयोग गरेर आम मानिसहरुलाई एउटै नीतिवाट समेट्न सक्ने क्षमता भएका ब्यक्तिहरु नै जनप्रतिनिधिहरु हुन् ।

नेपालमा त्यस्तो छ ?

हाम्रो देश नेपालमा त्यस्तो असल, कुशल, क्षमतावान ब्यक्तिहरुले नेतृत्व गरेको पाईदैन । कतैकतै अपवादमावाहेक एउटै नीतिबाट आम जनतालाई समेट्न सक्ने नेतृत्वको विकास हुन सकेको छैन । विगतमा भएका काम उनिहरुको अवस्स्थाले पुष्टि गरिसकेको छ । अझ विगतमा निर्वाचनमा वेला गरिने ताम, झाम, पैसाको तुजुक देखाउनेहरुले निर्वाचन जित्नकै लागि अनैतिक क्रियाकलाप गरेर मार, पीट बुथ कब्जा जस्ता घट्नाहरु भएको पनि देखिएका छन् ।

त्यसैले आउदै गरेको २०७८ स्थानीयतह निर्वाचनमा सम्बन्धित निकायहरुले विगतका जस्ता घटना घटन नदिन राजनीतिक दलहरु बढी इमानदारिता हुनुपर्छ । राजनीतिकदलहरु विशेष गरेर विगतमा सरकारमा रहेका हाल विपक्षमा रहेका जसले शक्तिको प्रयोग गर्न सक्छन् । ति राजनीतिक पार्टीहरुले गर्ने वलजफ्ती निर्वाचनमा पार्ने नकरात्मक प्रभाव, पैसाको प्रयोग, राज्य संयन्त्रको दुरुपयोग जस्ता कामहरु नगरी जनताहरुका देशमाअसल राजनीतिक पार्टीहरु छन् भन्ने भान हुने गरी वातावरण बनाएर निर्वाचन गर्नुपर्छ ।

जनताले पनि के बुझ्नुपर्छ भने हामीले छानेर पठाउने नेतृत्व हाम्रो लागि नै हो र त्यसमा राम्रो आफ्नो भावना बुझ्ने समाजको हरेक क्षेत्रमा ज्ञान भएको समग्र सवैलाई एउटै नीतिमा अटाउने नीति बनाउन सक्ने खुवी भएको र जनताले माग गरेका काम, गुनासो, आफ्नो क्षेत्रको भुगोलको क्षेत्रफलाई कसरी विकास गर्ने भनेर प्रष्ट खाका बनाएर जनतामा पेश गर्न सक्ने खुवी भएको नेतृत्व छानेर आआफ्नो क्षेत्रको विकास गर्न भयरहित वातावरणमा विना लोभ लालच, निपक्ष, स्वतन्त्रभई कुनै स्वार्थ नराखि समाज विकासको लागि र आउदा भावि पुस्ताले अफैले ब्याहोरेका विगतकातिता अनुभववाट पाठ सिकेर निर्वाचनमा मतदाताले सहभागी हुनुपर्छ र मतदानलाई हाम्रो समाजको लागि मैले अमुल्य मतदान गरेर योगदान पुऱ्याउनुपर्छ भन्ने सोच राख्नुपर्छ ।

यस्तो वातावरण बनाउन निर्वाचन कार्यलयले आफ्नो महत्वपुर्ण भुमिका निर्वाह गर्दै ऐन, कानुनले निर्देशन गरेका कामहरु साना, ठुला दल नभनी निष्पक्ष भएर ऐन कानुन उल्लघन गर्नेहरुलाई कारवाही गरेर असलकाम गर्ने राजनीतिक पार्टीहरुलाई प्रोत्साहन गर्ने भूमिका निर्वाह गर्नुपर्छ ।

निर्वाचन कस्तो कसरी गर्दा समाजविकास गर्न सकिन्छ भन्ने सोच राखेर निर्वाचनकार्यालयले जस्तो खालको नीति बनाउछ । त्यस्तै वातावरण देशको निर्वाचनहुदा देखिने हुन् ।

अन्य विकसीत भइसकेका देशहरुमा निर्वाचनको वेला जनप्रतिनिधिहरु जनताको घरघरमा जाने गरेको देखिदैन । उनिहरुले आफ्नो एजेण्डा मिडियामा वा सार्वजानिक स्थलमासवैलाई आव्हान गरेर पेश गर्ने गरेका हुन्छन् र त्यही एजेण्डाको आधारमा जनताले मतदान गरेर जसको राम्रो एजेण्डा छ उसैलाई जिताउन्छन् । नेपालकमा ठिक उल्टो हुने गरेको जनताको घरघरमा गएर गर्न नसकिने झुट्टा आश्वसन दिएर प्रभावित पार्ने गरेका छन् । एजेण्डामा कहिल्यै छलफल भएको पाइदैन ।

यस्त चलनको अन्त्य गर्न असल, सक्षम ब्यक्तिहरुलाई मतदान गरेर सभ्य निर्वाचन गर्न सवैको चेत आओस् ।

# चुनाव, राजनीति र परिवारवाद

**कृष्ण खनाल**

अबको पाँचौं दिन मतदाताहरू स्थानीय तहमा आफ्ना प्रतिनिधि चुन्न लामबद्ध हुनेछन । चुनावको सरगर्मी बढ्दो छ, उम्मेदवारहरूले घरदैलो गर्नेदेखि सामाजिक सञ्जालका भित्ता रंग्याउनेसम्मका कामलाई तीव्रता दिएका छन । ठूला दलका नेताहरूले चुनावी सभा गरिरहेका छन ।

चुनाव नजिकिँदै जाँदा उनीहरू आआफ्ना दल र उम्मेदवारका पक्षमा मतदातालाई आकर्षित गर्न जोडतोडले लाग्नु स्वाभाविक मात्र होइन, अपेक्षित नै हो । तर भरतपुर र काठमाडौंका सभालाई हेर्दा उनीहरू मतदातालाई आकर्षण होइन, धम्क्याउने भाषा र शैलीमा प्रस्तुत भइरहेका छन्रु। आफ्नो पार्टी र उम्मेदवारलाई भोट नहाले देश दुर्घटनामा पर्ने भनेर पुष्पकमल दाहालको चेतावनी आएको छ । यस्तै अराजनीतिक भाषा प्रयोग गरेकी छन् प्रधानमन्त्री पत्नी आरजु राणा देउवाले । डडेलधुरा पुगेर उनले कांग्रेसको मेयर नचुनिए त्यहाँ पैसा अर्थात् बजेट पनि जाँदैन भनेकी छन । मानौं देशको बजेट उनको निजी सम्पत्ति हो । यो अभिव्यक्ति अराजनीतिक त छँदै छ, अत्यन्त आपत्तिजनक पनि । यस्तो अभिव्यक्तिले त अलिअलि बाँकी रहेको चुनावको मर्यादा पनि सिद्धिन्छ । यदि कांग्रेसमा लोकतन्त्रको कुनै मूल्य बाँकी छ भने पार्टीको आधारभूत सिद्धान्तविपरीत बोलेकामा उनीमाथि कारबाही हुनुपर्ने हो ।

जहाँसम्म मतदाताको कुरा छ, उनीहरूले त गएको चुनावमा दाहाल, माधव नेपाल र खड्गप्रसाद ओलीले भनेका चुनाव चिह्न र उम्मेदवार हरूलाई मनग्गे भोट दिएका थिए । त्यो भोटको हालत के भयो ? त्यसको हिसाबकिताब जनताले खोजे उनीहरूको जवाफ के हुने ? सबै दोष ओलीतर्फ देखाएर दाहाल, नेपाल पनि चोखिन सक्दैनन । चुनावमा जनताले दिएको मत र आफ्नो जितलाई जोगाउन नसक्ने नेताले त भोट माग्न पनि लाज मान्नुपर्ने होरु। माओवादी, एमाले र कांग्रेस कसैले पनि आफूले पाएको भोट जोगाउन नसकेको इतिहास छ । आरजुको भाषण त भुइँफुट्टा राजनीतिको चरम उदाहरण भएको छ । यसले त कांग्रेसप्रति बाँकी रहेको सहानुभूति पनि सिध्याउने देखिन्छ ।

लोकतन्त्रको निरन्तरताका लागि चुनाव अनिवार्य छ, त्यसैले यसप्रति निरपेक्ष रहने कुरा भएन, तर राजनीतिक दल र नेता नसुध्रिने हो भने चुनावको सैद्धान्तिक एवं बौद्धिक व्याख्या गरेर मात्र कहीँ पुगिँदैन । मतदाता पनि अपेक्षित रूपमा सचेत हुन सके चुनाव भनेको राजनीति सुधार्ने अवसर पनि हो । पार्टीप्रतिको कथित आस्थाबाट मुक्त सचेत मतदाताले गलत प्रवृत्ति र नेताका स्वार्थका लागि प्रस्तुत गरिएका उम्मेदवारलाई अस्वीकार गरेर अर्थात् मत नदिएर चुनावलाई राजनीति सुधार्ने अवसर साबित गर्न सक्छन । चुनावमा एउटा उम्मेदवारले अर्को उम्मेदवारलाई हराउने होइन, कुनै उम्मेदवारले आफैं जित्ने पनि होइन । उनीहरूलाई जिताउने वा हराउने त हाम्रो मतले हो । राजनीतिमा मौलाउँदै गएको परिवारवाद, नेताहरूको स्वेच्छाचारिता र गलत प्रवृत्तिलाई सम्भव भएसम्म फाल्ने अवसर यही चुनाव हो । मतदानको पूर्वसन्ध्यामा यसतर्फ मतदाताको चेतना जागोस् भन्ने मेरो शुभकामना पनि छ ।

नेपालको राजनीतिमा बेथिति त धेरै छन्, तीमध्ये अहिले मौलाउँदै गएको परिवारवाद पनि हो । यसमै केन्द्रित भएर केही विमर्श गर्नु सान्दर्भिक होला भन्ने लागेको छ । यो चुनावमा मात्र होइन, २०४८ सालदेखि नै नेताका छोराछोरी, पतिपत्नी लगायत आफ्नै परिवारका व्यक्तिलाई उम्मेदवार बनाइएका चर्चा र टीकाटिप्पणीहरू आउने गरेका छन्रु। चुनावका बेला यस्ता टिप्पणीहरू अस्वाभाविक पनि होइनन्, तर ती गलत छैनन्, जायज छन । पार्टीका नेताले संघर्षमा साथ दिएका छन्, पार्टीमा योगदान गरेका छन्, र योग्य छन् भनेर आफ्ना परिवार र आफन्तजनलाई चुनाव लडाउने काम लोकतान्त्रिक संस्कार होइन । यो प्रवृत्ति चुनावी निष्पक्षताको विपरीत पनि हो । यसलाई मतदाताले अस्वीकार गर्न सक्नुपर्छ । हाम्रा राजनीतिक दलहरूको सदस्यता वितरण र नेतृत्व संरचना नै नेताको परिवारमुखी छ । राजनीतिमा परिवारको यो लर्को रोक्न पार्टीको संरचनामै परिवर्तन आवश्यक छ ।

यो चुनावमा पनि स्थानीय वडादेखि महानगरका मेयर-उपमेयरमा प्रमुख भनिएका नेताहरूका परिवारजन र आफन्तहरूलाई उम्मेदवार बनाइएको छ । त्यो सबैको चर्चा यो संक्षिप्त लेखमा सम्भव छैन, काठमाडौं र भरतपुर महानगरलाई मैले यहाँ प्रतिनिधि उदाहरणका रूपमा लिएको छु । काठमाडौंमा एमालेका तर्फबाट उम्मेदवारी पाएका केशव स्थापित आफ्नै बोली र विवादका कारण चर्चित भएका छन् भने कांग्रेसका तर्फबाट उम्मेदवारी पाएकी सिर्जना सिंह र भरतपुर महानगरमा माओवादी केन्द्रकी रेणु दाहाल परिवारका कारण चर्चामा छन । यस्तै, भरतपुर महानगरमा कांग्रेसको तर्फबाट विद्रोही उम्मेदवारका रूपमा चर्चित जगन्नाथ पौडेल छन । जगन्नाथजी मेरा पुराना मित्र पनि हुन । उनको राजनीतिक निष्ठा र सार्वजनिक व्यवहारसँग म राम्ररी परिचित छु ।

यहाँ मेरो उद्देश्य राजनीति गर्नेको निजी स्वार्थ र त्यसबाट उत्पन्न राजनीतिक विचलनप्रति मतदाताको ध्यानाकर्षण गर्ने हो, उनीहरू सजग होऊन् भन्ने हो । उम्मेदवार र पार्टीका नेतृत्वलाई मात्र औंला ठड्याएर पुग्दैन, ऐनमौकामा मतदाताले पनि आफ्नो भूमिका खरो रूपमा निर्वाह गर्न सक्नुपर्छ । आम मतदाताबाट त्यो अपेक्षा गर्न कठिन होला, तर जागरुक मतदाता मात्र त्यसप्रति सजग हुने हो भने पनि स्थिति बदल्न सकिन्छ, अर्को चुनावमा दलहरू मतदाताको चाहना बुझ्न बाध्य हुनेछन । त्यसका लागि सबैभन्दा महत्वपूर्ण समय भनेको मतदानको समय नै हो । वैशाख ३० गते हामीले मतदान गर्दा सही निर्णय र विवेकको प्रयोग गर्न चुक्यौं भने निर्वाचित प्रतिनिधि खराब भए भनेर सडकमा उफ्रिनुको औचित्य पनि कमजोर हुन्छ । सडकमा गएर विरोध गर्न हुँदैन भन्ने मेरो आशय होइन, त्यसभन्दा अघि आफ्नो हातमा निर्णयको अधिकार भएका बेला बढी ध्यान पुगोस् भन्ने हो ।

लोकतान्त्रिक राजनीतिमा परिवारवादको समस्या नेपालमा मात्र होइन, अन्यत्र पनि छ । भारतमा नेहरू-गान्धी परिवार, अमेरिकामा केनेडी परिवार विश्वव्यापी रूपमा चर्चित छन । भारतमा परिवारवादको राजनीति भित्र्याउने जवाहरलाल नेहरू नै हुन । उनी आफू प्रधानमन्त्री छँदै बहिनी विजयालक्ष्मी पण्डित, छोरी इन्दिरा गान्धी, ज्वाइँ फिरोज गान्धी सब राजनीतिमा थिए । उनकै संरक्षणमा नेहरू-गान्धीको राजनीतिक परिवारवृक्ष हुर्के-बढेको हो । कुनै बेला नेहरू-गान्धी परिवार चुनावमा भारतीय कांग्रेसको मत माग्ने सबैभन्दा प्रभावकारी माध्यम थियो । तर आज त्यो भाँडो कबाडी साबित भएको छ । पारिवारिक विरासत र परिवारवादले लोकतान्त्रिक राजनीति धान्न सक्दैन भन्ने टड्कारो उदाहरण भारत हो, भारतीय कांग्रेस हो ।

संयुक्त राज्य अमेरिकामा केनेडी परिवारका कतिपय सदस्य अहिले पनि राजनीतिमा छन । अमेरिकामा केनेडी परिवारप्रति राजनीतिक आकर्षण थियो, त्यसलाई डेमोक्रेटिक पार्टीको राजनीतिक पुँजी भनेर पनि मानिन्थ्यो । केनेडी परिवारको राजनीतिक विरासत अहिले पनि कायम छ । क्यानडाका वर्तमान प्रधानमन्त्री जस्टिन टुडोका बाबु पेरे टुडो पनि प्रधानमन्त्री थिए, सन् १९७१ मा जस्टिन जन्मिँदा । अमेरिका, क्यानडा र युरोपका देशहरूमा उम्मेदवारीका लागि पार्टीभित्र जुन प्रतिस्पर्धा हुन्छ, त्यो हेर्दा पारिवारिक विरासतले मात्र सहजै कोही उम्मेदवार बन्न सक्तैन । तर भारतसहित दक्षिण एसिया र अन्य कतिपय अफ्रिकी-एसियाली देशमा परिवारवादको जुन राजनीति छ, त्यो युरोप-अमेरिकामा छैन, तुलना गर्न मिल्दैन । सन्दर्भका लागि मात्र मैले यहाँ उल्लेख गरेको हुँ ।

नेपालमा पनि कोइराला परिवार राजनीतिक आकर्षणको केन्द्र थियो । नेपालमा राजनीतिक परिवर्तनका लागि भारतमा नेहरू परिवारको भन्दा कोइराला परिवारको भूमिका कम छैन । कृष्णप्रसाद कोइरालादेखि सुरु भएको त्यो भूमिका मातृका, बीपी हुँदै गिरिजाप्रसाद कोइरालासम्मले निर्वाह गरे । तर बीपीले आफू राजनीतिमा सक्रिय होउन्जेल भाइभतिजा वा छोराहरूलाई चुनाव लडाउने, मन्त्री बनाउने मात्र होइन, कुनै राजनीतिक नियुक्ति पनि गर्नुभएन । २००३ सालमा विराटनगर जुट मिलको आन्दोलनमा होस् वा २००७ सालको क्रान्तिमा, कोइराला परिवारका आमा, छोरा, भाइबहिनीहरूको संलग्नता कम थिएन; सिंगो परिवार नै होमिएको थियो । तर २००७ सालपछि त्यसलाई देखाएर परिवारजनलाई चुनावमा उम्मेदवार बनाउने र सरकारमा छँदा राजनीतिक सुविधाको पदमा ल्याउने काम बीपीले गर्नुभएनरु। आफ्नो परिवार मात्र होइन, पार्टीको नेतृत्व पंक्तिमा रहेका अरूलाई पनि त्यस्तो गर्न दिनुभएन ।

२०१५ सालको चुनावमा मंगलादेवीले भक्तपुरबाट स्वतन्त्र उम्मेदवारी दिँदा 'यदि फिर्ता नलिए तपाईंको विरुद्ध गणेशमानजीलाई प्रचार गर्न लाउँछु' भनेर दबाब दिएपछि मंगलादेवी आफ्नो उम्मेदवारी फिर्ता लिन बाध्य हुनुभएको थियो । मंगलादेवी कांग्रेसका तर्फबाट सांसदको उम्मेदवार बन्न अयोग्य पनि हुनुहुन्नथ्यो । २००७ सालको क्रान्तिमा, पार्टी संगठनमा उहाँको पनि योगदान थियो । तर गणेशमान र उहाँ दुवै उम्मेदवार बन्ने कुरा बीपीलाई स्वीकार्य थिएन । यस्तै, कम्युनिस्ट पार्टीमा साधना र साहना प्रधानको भूमिका पनि कम थिएन, २००७ सालको क्रान्ति र कम्युनिस्ट पार्टीको निर्माणमा । तर पुष्पलाल र मनमोहन दुवै राजनीतिक नेतृत्वमा सक्रिय रहेकाले उहाँहरूलाई पनि कम्युनिस्ट पार्टीले २०१५ सालको चुनावमा उम्मेदवार बनाएको थिएन ।

नेपालको क्रान्तिमा गणेशमान सिंह र उहाँको परिवारको योगदान कम छैन । २०४६ सालको क्रान्तिका महानायक नै गणेशमान हुनुहुन्थ्यो । गणेशमान आफू पदीय राजनीतिबाट अलग रहेको अवस्थामा त्यो परिवारबाट कोही राजनीतिमा आउनु अन्यथा पनि थिएन । तर २०४८ सालको संसदीय निर्वाचनमा मंगलादेवी र प्रकाशमान आमाछोरा नै उम्मेदवारका रूपमा प्रस्तुत हुनुलाई जनताले उचित मानेनन्, मतदातालाई पनि स्वीकार्य भएन, दुवैको पराजय भयो । तर एमालेका केही जोडी उम्मेदवारले भने चुनाव जितेका पनि थिए । यस पटक सिर्जना सिंहको उम्मेदवारी कांग्रेसका लागि राम्रो कुरा होइन । हारजित एउटा कुरा हो, तर यसले आम जनतामा कांग्रेसप्रति कुनै सकारात्मक सन्देश दिएको छैन । सिर्जना सिंह वा रेणु दाहाललाई उम्मेदवार बनाउनु हुँदैन भन्ने होइन, त्यसका लागि पहिले प्रकाशमान र पुष्पकमलले राजनीतिबाट विश्राम लिनुपर्छ । यस्तै आरजुलाई राजनीतिमा अघि बढाउँदा शेरबहादुर देउवाले पहिले राजनीतिबाट विश्राम लिनुपर्दथ्यो । त्यसो भएमा मात्र यो स्वस्थ प्रतिस्पर्धा मानिन्छ र परिवारवाद भयो भन्न पनि मिल्दैन ।

परिवारवादको सबैभन्दा नग्न रूप २०६४ सालमा संविधानसभाको चुनावदेखि देखिएको हो । यो मामिलामा माओवादीले एमालेलाई पनि उछिन्यो । दुवैले सँगै बन्दुक बोकेका, संघर्षको मोर्चामा खटेका भनेर पतिपत्नीको जोडीका जोडी संविधानसभामा पुगे । समानुपातिक प्रतिनिधित्व त परिवारवादको भऱ्याङ नै साबित भयो । कांग्रेसमा गिरिजाप्रसाद कोइरालाले समानुपातिक सूची रोजे; उनका छोरी, भतिजाहरू प्रत्यक्षतर्फ उम्मेदवार थिए । तर मतदाताले त्यो रुचाएनन्, बीपीपुत्र शशांक कोइरालाले जिते पनि सुजाता, शेखर कोइरालाले चुनाव हारे । देउवाले पनि पत्नी आरजुलाई समानुपातिक सूचीबाट अघि बढाए । आरजु र देउवा जोडी दुवै संविधानसभामा सदस्य थिए । मतदाताले अस्वीकार नगरेका भए अहिलेको संसद्मा पनि सँगै हुने थिए । दोस्रो संविधानसभादेखि सुजाता पनि समानुपातिक सूचीबाट संसद्मा छिन । राजनीतिमा लागेका कारण दुःख पाउने परिवार कोइराला, सिंहबाहेक पनि कांग्रेसमा हजारौं छन् । यस्ता परिवार एमाले र माओवादीमा पनि छन । फेरि पारिवारिक विरासत बोक्दैमा राजनीतिक क्षमता हुँदैन भन्ने उदाहरण शशांक, सुजाता र आरजु नै छन ।

नेता र पार्टीहरूमा परिवारमोह र परिवारवादी प्रवृत्ति देख्दा लोकतन्त्र, गणतन्त्रको नारा फजुल लाग्छ । चुनावको उम्मेदवारीमा मात्र यो सीमित छैन, राजनीतिक/कूटनीतिक नियुक्ति, ठेक्कापट्टा, व्यापार-व्यवसाय सर्वत्र व्यापक छ । गणतन्त्र त जंगबहादुरका सात भाइ र धीरशमशेरका सत्र भाइ छोराको अर्को अवतारजस्तो देखिन थालेको छ । तर विचारणीय कुरा के हो भने, यसका कारण स्थापित नेताहरू नै बदनाम पात्र भनेर इतिहासमा गनिने भएका छन । यसले तत्कालका लागि लोकतन्त्र, गणतन्त्रलाई घात गरे पनि जनता जागरुक भएपछि परिवारवाद कायम रहन सक्तैन । समय गतिशील छ, एक दिन त्यो समय अवश्य आउनेछ, लोकतन्त्रमा सुधार सम्भव छ । यो यही चुनावबाट पनि प्रारम्भ हुन सक्छ मतदाता सचेत भए, तर बदनाम भइसकेपछि नेताहरूको बदनामी इतिहासबाट मेटिँदैन । कान्तिपुर

## घुस लिएको आरोपमा प्रहरी नायब निरीक्षक महतोविरुद्ध मुद्दा

कास्की । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गण्डकी प्रदेश प्रहरी कार्यालय, विपद् व्यवस्थापन गुल्म बागलुङमा कार्यरत प्रहरी नायब निरीक्षक रुपनारायण महतोविरुद्ध घुस लिएको आरोपमा भ्रष्टाचारको मुद्दा दायर गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रहरी नायब निरीक्षक महतोविरुद्ध ३८ हजार रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा आइतबार मुद्दा दायर गरेको आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए । महतोले आफ्नो कार्यक्षेत्र र जिम्मेवारी तथा कार्यरत कार्यालयको कार्य प्रकृतिभन्दा बाहिर गई पदीय हैसियतको दुरुपयोग गरी लेनदेनको मुद्दा मिलाइदिने भन्दै सेवाग्राहीसँग घुस लिँदा लिदै अख्तियारको टोली उनलाई पक्राउ गरेको थियो ।

# पैसा र परिवारवादमा अल्झेको राजनीति

साधना प्रतीक्षा

स्थानीय निर्वाचन जतिजति नजिकिँदै छ, राजनीति त्यति नै तातिरहेको छ। दल तथा नेताहरूप्रति असन्तुष्टि पनि चुलिँदै छ। एकातिर सत्तारूढ दलहरू गठबन्धनको गाँठो कस्न भरमग्दुर प्रयास गरिरहेका छन्, अर्कातिर कार्यकर्ता यसको विरोध गरिरहेका छन। दलीय आस्था वा सिद्धान्त विपरीत एवम् आमकार्य कर्ताको चाहनालाई बेवास्ता गर्दै केवल सत्ताका लागि गरिएको चुनावी तालमेलले असन्तुष्टि जन्माएको हो।

दलहरूले 'राम्रा' लाई उम्मेदवार बनाएको दाबी गरे पनि अधिकांश उम्मेदवार 'हाम्रा' मध्येबाटै छानिएका छन। उम्मेदवार छनोटको अर्को मापदण्ड आर्थिक हैसियत तथा लेनदेन हुने गरेको पाइन्छ। दलभित्र मौलाइरहेको परिवारवाद तथा पैसावादले सच्चा नेताकार्यकर्ता निराश छन्, जसका कारण कतिपय कार्यकर्ता त राजनीतिबाटै अलग भइरहेका छन। दलीय व्यवस्थामा राजनीतिक स्थायित्वका लागि दलहरू शक्तिशाली र इमानदार बन्नुपर्ने यथार्थविपरीत यस्तो विचलन देखिनु लोकतन्त्रका लागि शुभसंकेत होइन।

शीर्ष नेताहरूले आम कार्यकर्ताको त्याग तथा योगदानप्रति आँखा चिम्लेर शीर्षस्थानको एकछत्र उपभोग गरिरहेका छन। सबैले समान अवसर पाउनुपर्छ भन्ने मान्यताविपरीत जसरी हुन्छ आफैंले आजीवन पद सम्हालिरहनुपर्छ भन्ने एक प्रकारको रोगले ग्रस्त छन। त्यसैले पनि नेतृत्व हस्तान्तरण प्रत्रिया अवरुद्ध छरु। शीर्ष नेताहरू आफ्नै परिवारका सदस्यलाई भावी नेतृत्वका लागि तयार पार्नमा तल्लीन छन। विगतका तथा वर्तमान निर्वाचनमा महत्वपूर्ण स्थानमा उठाइएका उम्मेदवारहरूले यसको पुष्टि गरेको छ।

अहिले दलहरूभित्र चुलिएको अन्तरकलहको मूल कारण ती दलहरूका नेतृत्वले आफ्ना श्रीमती, छोरी, बुहारी, भाइभतिजा लगायतलाई उत्तराधिकारीका रूपमा स्थापित गर्न खोज्नु हो। चुनावका लागि टिकट वितरण गर्दा दलका योग्य, प्रतिबद्ध एवम् लामो इतिहास बोकेका कार्यकर्तालाई पछाडि पारिएको छ। स्थानीय तहमा दलहरूबीच योजना र कार्यक्रमका आधारमा निकटता एवम् दूरी बन्नुपर्नेमा पारिवारिक विरासत स्थापनाको एकसूत्रीय अभियानका लागि साझेदार बनेको देखिन्छ। यही कारण स्थानीय विकास निमार्णका कार्यक्रम र सेवासुविधा वितरणतिर निर्वाचन केन्द्रित हुन सकेको छैन। दलहरूको खिचातानी तथा जुंगे लडाइँ हेर्दा जुनसुकै दलले चुनाव जिते पनि विकास निर्माण प्राथमिक एजेन्डा हुने छैन। जित्नेले हार्नेविरुद्ध कसरी प्रतिशोध साध्ने भन्ने नै भोलिको स्थानीय राजनीतिको मूल मियो बन्न सक्छरु। यस्तो खतरा मध्यनजर गर्दै जनताले कुन दल या व्यक्तिले आफ्ना चाहना र प्राथमिकतालाई सम्बोधन गर्न सक्छन् भन्ने पहिचान गर्नु चुनौतीपूर्ण बनिरहेको छ।

अहिले हरेक दलभित्र परिवारवाद वनमाराझैं मौलाइरहेको छ, इमानदार नेता-कार्यकर्ता उग्लिँदै छन। हो, मुलुकमा विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तनमा शीर्ष नेताहरूले अहम् भूमिका निर्वाह गरेका थिए, यसो भन्दैमा दलीय नेतृत्व तथा सत्ता नेतृत्वमा सदा उनीहरू नै रहनुपर्छ र ? के उनीहरूको त्याग व्यक्तिगत प्राप्तिका लागि थियो त ? थियो भने उनीहरूले जनतासामु भनून्, 'हामीले त्याग देश र जनताका लागि होइन, आफ्नै लागि गरेका थियौंरु। त्यसैले राजनीतिक विरासत सदा हाम्रै रहनुपर्छ।' यस्तो इमानदारी नेताहरूमा छैन भने सत्ता र शक्तिको मृगतृष्णा बाट मुक्त भएर उनीहरूले बिनाकुनै आग्रह योग्य व्यक्तिमा नेतृत्व हस्तान्तरणको सस्कृंति बसाल्नुपर्छ। आफ्नो त्यागको बदलामा दलभित्र परिवारवाद स्थापित गराउने हो भने जहानियाँ राणाकाल र गणतन्त्रमा के भिन्नता रहन्छ र ? यही प्रश्नबीच अल्झिएको वर्तमान परिवेशमा असंख्य युवा आफ्नो ऊर्जावान समय राजनीतिमा खर्चेर उमेरले डाँडो काटिसक्दा पनि कुनै जिम्मेवारी नपाएर 'घरको न घाटको' भइरहेका छन।

दलीय राजनीतिको अर्को दुर्भाग्य यसलाई सेवा नभई व्यापारका रूपमा हेरिनु हो। पैसाबिना चुनाव जित्न त कुरै छाडौं टिकटसम्म पाइन्न। आर्थिक हैसियत नभएका तर राजनीतिमा जीवन बिताएर जनमन जितेका व्यक्तिहरू उम्मेदवारका लागि प्राथमिकतामा पर्न सकिरहेका छैनन। व्यापारी, जागिरे वा सम्पन्न व्यक्तिहरूले दलको अग्रस्थानमा छन्, तिनैले जनप्रतिनिधि हुने अवसर पाएका छन। स्थानीय निर्वाचन जित्न लाखौं खर्चिनुपर्ने अवस्था छ, यस्तोमा जनप्रतिनिधि बाट आर्थिक अनियमितता नहोला भन्न सकिँदैन। निर्वाचनका बेला असंख्य कार्यकर्ता पाल्नुपर्ने, मतदातालाई आर्थिक प्रलोभन वा विभिन्न सामग्री वितरण गर्नुपर्ने, भड्किलो प्रचारप्रसारमा प्रतिस्पर्धा गर्नुपर्नेजस्ता कारण टिकट पाउन र चुनाव जित्न आर्थिक हैसियतको आवश्यकता देखिएको हो। सही अर्थको राजनीतिको परिचायक भने यस्तो परम्परा होइनरु। मतदान जनताले आफ्नो मनले खाएको प्रतिनिधि छान्ने पद्धति होरु। कुनै पनि सचेत नागरिकले आफ्नो मत प्रलोभनका आधारमा दिँदैन र दिनु पनि हुँदैनरु। दलभित्र देखिएको यस्तो व्यापारीकरणको अन्त्य अपरिहार्य छ।

चुनावी सन्दर्भमा, हरेक दलभित्र देखिने अर्को पक्ष योग्य र इमानदारहरूलाई पाखा लगाएर नेतृत्ववर्गको वरिपरि परिक्रमा गर्ने चाकडीबाजहरूलाई उम्मेदवार बनाइनु हो। यसले दलभित्रको गुटउपगुट संस्कृतिलाई गति दिइरहेको छ। राजनीतिलाई सेवा ठान्नेहरूलाई भने निराश बनाइरहेको छ। चाकडी चाप्लुसीका भरमा जिम्मेवारी पाएका व्यक्तिहरूबाट दलभित्रको गुटउपगुटले फाइदा पाए पनि यसले समग्र दल एवम् दलीय राजनीतिलाई नकारात्मक प्रभाव पारिरहेको छ।

आसन्न निर्वाचनको परिवेशमा हाम्रो दलीय राजनीतिमा देखिएको यस प्रकारको अस्वाभाविक परिदृश्यले आम जनतामा नकारात्मक सन्देश प्रवाह गरिरहेको छ। लामो समयदेखि राजनीतिक खिचातानीमा अल्झेका, अनेक विकृति(विसंगतिमाझ दैनिकी चलाइरहेका, महामारीले थला पारेका, भावी आर्थिक संकटको सन्त्रासले पिरोलिएका नेपालीलाई यस्तो परिदृश्य सहज लागेको छैन। जेजसरी भए पनि चुनाव जित्नैपर्ने बाध्यता केका लागि भन्ने प्रश्न गर्न अब जनता तयार भएका छन। देश विकास एवम् जनसेवाका लागि यस्तो खिचातानी भएको हो भने यो देश तीन दशकअघि नै विकासको मार्गमा अग्रसर हुने थियो। अब जनता सत्ता परिवर्तन मात्र होइन, सत्तासीन हुन चाहनेहरूको सोचमा पनि परिवर्तन चाहन्छन। मुलुकको राजनीति कसैको पारिवारिक विरासत थाम्ने माध्यम वा कसैले पैसाले खरिद गर्न सक्ने साधन बन्दै गएकामा असन्तुष्ट भएका सचेत नागरिकले 'नो भोट' को प्रावधान मागिरहेका छन।

जनप्रतिनिधित्वका लागि निश्चित योग्यता एवम् मापदण्ड पनि आवश्यक हुन्छ, जुन कानुनी मात्र नभएर उसको कार्यगत क्षमता र विज्ञतासँग जोडिएको हुनुपर्छ। यो पक्षलाई राज्यको निर्णायक तहमा भएकाहरूले बेवास्ता गर्ने हो भने 'आम नागरिकले मतदान गर्नु नै पर्छ' भन्ने धारणा नरहन पनि सक्छ किनकि, सबै खराब विकल्पमध्ये एउटा खराब विकल्प छान्नका लागि मतदन किन गर्ने ? यही कारण मागिएको हो 'नो भोट'। यस्तो प्रावधान बाँकी ६ पृष्ठमा

**अहिले हरेक दलभित्र परिवारवाद वनमाराझैं मौलाइरहेको छ, इमानदार नेता-कार्यकर्ता उग्लिँदै छन। हो, मुलुकमा विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तनमा शीर्ष नेताहरूले अहम् भूमिका निर्वाह गरेका थिए, यसो भन्दैमा दलीय नेतृत्व तथा सत्ता नेतृत्वमा सदा उनीहरू नै रहनुपर्छ र ? के उनीहरूको त्याग व्यक्तिगत प्राप्तिका लागि थियो त ? थियो भने उनीहरूले जनतासामु भनून्, 'हामीले त्याग देश र जनताका लागि होइन, आ□नै लागि गरेका थियौंरु। त्यसैले राजनीतिक विरासत सदा हाम्रै रहनुपर्छ।' यस्तो इमानदारी नेताहरूमा छैन भने सत्ता र शक्तिको मृगतृष्णा बाट मुक्त भएर उनीहरूले बिनाकुनै आग्रह योग्य व्यक्तिमा नेतृत्व हस्तान्तरणको सस्कृंति बसाल्नुपर्छ। आफ्नो त्यागको बदलामा दलभित्र परिवारवाद स्थापित गराउने हो भने जहानियाँ राणाकाल र गणतन्त्रमा के भिन्नता रहन्छ र ? यही प्रश्नबीच अल्झिएको वर्तमान परिवेशमा असंख्य युवा आ□नो ऊर्जावान समय राजनीतिमा खर्चेर उमेरले डाँडो काटिसक्दा पनि कुनै जिम्मेवारी नपाएर 'घरको न घाटको' भइरहेका छन। दलीय राजनीतिको अर्को दुर्भाग्य यसलाई सेवा नभई ब्यापारका रूपमा हेरिनु हो। पैसाबिना चुनाव जित्न त कुरै छाडौं टिकटसम्म पाइन्न। आर्थिक हैसियत नभएका तर राजनीतिमा जीवन बिताएर जनमन जितेका ब्यक्तिहरू उम्मेदवारका लागि प्राथमिकतामा पर्न सकिरहेका छैनन। ब्यापारी, जागिरे वा सम्पन्न ब्यक्तिहरूले दलको अग्रस्थानमा छन्, तिनैले जनप्रतिनिधि हुने अवसर पाएका छन।**

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्वन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ। विद्युतजन्य उपकरणको प्रयोग नगरौ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## एमालेको हिलेदेवीमा पालिका स्तरीय चुनावी सभा

रामेछाप। चुनावी अभियान अन्तर्गत सुनापति गाउँपालिकाको केन्द्र हिलेदेवीमा नेकपा एमालले चुनावी सभा सम्पन्न गरेको छ। पाँच वटै वडामा घरदैलो अभियान सम्पन्न गरेर एमालेले हिलेदेवीमा पालिका स्तरीय चुनावी सभा सम्पन्न गरेको हो। चुनावी सभालाई सम्बोधन गर्ने नेताहरुले यस पटक सुनापतिमा एमालेको जित सुनिश्चित रहेको दावी गरेका छन्।

एमालेका पोलिटब्यूरो सदस्य कमल चौलागाईले सुनापति गाउँपालिकामा यस पटक एमालेले चुनाव जित्ने दावी गरे। उनले पालिकामा विगतको भन्दै सांगठानिक रुपमा धेरै बलियो भएकाले पनि चुनाव जित्ने बताए।एमालेका केन्द्रीय सदस्य माधव ढुंगेलले रामेछापमा यस पटक एमालेले विगतको भन्दा राम्रो परिणाम ल्याउने बताए। उनले विगतमा सांगठानिक रुपमा कमजोर र हेपनि यस पटक सुनापति गाउँपालिकामा चुनावी जित्ने आधार तयार भएको बताए।

एमाले सुनापति गाउँपालिकाका अध्यक्षका उम्मेदवार ज्ञान कुमार योञ्जनले पाँच वटै वडामा जनताले पार्टीप्रति देखिएको उत्साहको कारण चुनाव जित्नेमा आफू विश्वस्त रहेको बताए। उनले पार्टीपत्ती एकताबद्ध भएर लागेको र एमालेप्रति जनताले देखाएको मायाको कारण पनि चुनाव जित्ने बताए।

त्यसैगरी सभालाई सम्बोधन गर्दै एमालेका नेता दीपेन्द्र कुमार कार्कीले सुनापतिमा यस पटक एमालेको जित सुनिश्चित रहेको बताए। उनले भने,'यस पटक चुनाव जित्नेमा ढुक्क छौ, मजुबद्ध संगठन निर्माण हुनु नै एमालेले जित्ने आधार हो।

## उमाकुण्ड गाउँपालिकामा कांग्रेसको घरदैलो कार्यक्रम

रामेछाप। उमाकुण्ड गाउँपालिकामा नेपाली कांग्रेले चुनावी अभियान तीब्र बनाएको छ। घरदैलो कार्यक्रम अन्तर्गत कांग्रेसले चुनावी अभियानलाई तीब्रता दिएको हो। कांग्रेसबाट उमाकुण्ड गाउँपालिकाका अध्यक्षका उम्मेदवार जित बहादुर कटुवासहित पार्टीबाट उम्मेदवार भएकाहरु घरदैलोमा व्यस्त छन्। चुनावी अभियानमा कलाकारको टोलीपनि साथै रहेको छ। गायक प्रकाश कटुवालसहितको कलाकार टोलीले अभियानमा गीत गाउने र नाँच्ने कार्यक्रमले अभियान झन रोचक बनेको छ। गीत र नृत्यसँग कांग्रेसले आफ्ना उम्मेदवारलाई भोट माग्ने कार्यलाई निरन्तरता दिएका छन्।

यसैबीच कांग्रेसबाट पालिकाका उम्मेदवार बनेका जित बहादुर कटुवालले कृषि क्षेत्रको विकास गरेर मात्र पालिका समृद्ध हुने योजना अघि सारेका छन्। उनले विदेश वा शहरबाट गाउँ फर्किएका युवाहरलाई गाउँमा नै कृषि, पशुपालन, अन्य उद्योगमूलक तथा रोजगारमूलक कार्य गर्ने युवाहरुलाई २ लाख रुपैया व्यवसाय सञ्चालन गर्न अनुदानको व्यवस्था गरिने प्रतिबद्धता जनाएका छन्। वस्नेतले प्रिति र बाम्तीमा १५ शैयाको अस्पताल स्थापना गर्ने, आँखा केन्द्र स्थापना गर्ने, गर्भवती महिलाका लागि घरपाएक पर्ने स्थानमा भिडियो एक्सरे तथा रगत, पिसाव जाँचको बन्दोबस्त गर्ने जस्ता योजना अघि सारेका छन्।

उमाकुण्ड गाउँपालिकामा नेपाली काँग्रेसको तर्फबाट गाउँपालिका अध्यक्षमा जीत बहादुर कटुवाल र उपाध्यक्षमा सावित्री सुनुवार वडा नं १ देखि वडा नं ७ सम्मका वडाध्यक्षका उम्मेद्वारहरु क्रमशः ङापेम्बा शेर्पा, चुडामणी श्रेष्ठ, र मेश कुमार सुनुवार, मान बहादुर खत्री, टिकाराम कार्की, भरतराज खड्का र शरण कुमार सुनुवार रहेका छन्।

## रामेछाप नगरपालिकामा चुनावी अभियान तीब्र

रामेछाप। रामेछाप नगरपालिकामा राजनीतिक दलहरुबीच चुनावी हिसाब सुरु भएको छ। चुनावी अभियानसँगै नौ वटै वडामा घरदैलो र चुनावी सभा गरेसँगै राजनीतिक दलहरुले चुनाव जित्न आवश्यक पर्ने मत र वडा तहमा रहेका मतको लेखाजोखा सुरु गरेका हुन्। रामेछाप नगरपालिकामा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच चुनावी प्रतिस्पर्धा हुने भएको छ। गत निर्वाचनमा रामेछाप नगरपालिकामा कांग्रेसले जितेको छ। कांग्रेसले एमालेलाई एक सय मन्तर्गतले जितेको हो। राजनीतिक दलहरुको चुनाबी हिसाबसँगै स्थानीय तहको निर्वाचनमा मतदाताले उम्मेदवार दिएका व्यक्तिको प्रभावलाई समेत हेर्ने छन्। २४ हजार ९३१ मतदाता रहेको र ामेछाप नगरपालिकामा कांग्रेसबाट लवश्री न्यौपाने, एमालेबाट रोशन पाख्रिन र माओवादीबाट नरेशबाबु श्रेष्ठ नगरप्रमुखको उम्मेदवार रहेका छन्। श्रेष्ठलाई नेकपा एकीकृत समाजवादीको साथ रहेको छ। स्थानीय निर्वाचनको मिति नजिकदै गर्दा २०७४ को निर्वाचनलाई पनि फर्कर हेर्नुपर्ने हुन्छ। गत निर्वाचनको मतपरिणाम हेर्दा कांग्रेसले ४४०१ मत ल्याउदा एमालेले ४३०० मत ल्याएको थियो। माओवादी तेस्रो स्थानमा रहेर ३००२ मत प्राप्त गरेको थियो। गत निर्वाचनमा कांग्रेस र एमालेबीच निकै रोचक प्रतिस्पर्धा भएको थियो। २०७४को निर्वाचनमा १८ हजार ९४८ मतदाता रहेका थिए। जस मध्ये १२ हजार ९७० मत खसेको थियो। नगरपालिकामा तीन पार्टीले नै निर्वाचन जित्ने दावी गर्दै आएका छन्। यस पटक एमालेले गत निर्वाचनमा एक सय मतको कारणले मात्र पराजित भएको निष्कर्ष सहित चुनाव जित्ने निष्कर्ष निकालेको छ। गत निर्वाचनमा वडा तहमा खसेको भन्दा रोशन पाख्रिनले व्यक्तिगत लोकप्रिययताको मत बढी ल्याएका थिए। निर्वाचनमा पर ाजित भएपनि पाख्रिन पाँच बर्ष जनताकैबीचमा बसेर काम गरेकाले चुनाव जित्नेमा विश्वस्त देखिन्छन। तीन बर्ष जिल्ला अस्पताल रामेछापका अध्यक्ष हुँदा पाख्रिनले अस्पतालाई सेवा सुविधा विस्तारमा खेलेको भूमिकाको कारण नगरवासीको मन जित्न सफल भएका थिए। उनले कोभिडको बेला चरम अक्सिजनको अभाव हुँदा आफै सिलिण्डर भर्नको लागि अन्य जिल्ला धाएका थिए। उनको पहलमा अहिले जिल्ला अस्पताल रामेछापमा अक्सिजन प्लान्ट, पिसिआर ल्याब स्थापना, भेन्टिलेटर, आइसीयू लगायतका सेवा सुरु भएको छ। जिल्ला अस्पताललाई सेवा विस्तारमा निर्वाह गरेको कामको कारण पाख्रिन रामेछाप नगरपालिकामा लोकप्रिय छन्। राजनीतिसँगै सामाजिक कार्यमा पनि सक्रिय पाख्रिन विगतको भन्दा पार्टीको उपस्थित बलियो बनेको र जनताले पनि रुचाएको कारण जित्नेमा विश्वस्त देखिएका छन्। त्यसैगरी निर्वतमान कांग्रेस रामेछापका सभापति लवश्री न्यौपाने रामेछाप नगरपालिकामा कांग्रेसको तर्फबाट नगरप्रमुखको उम्मेदवार छन्।

# ग्लोबल आइएमई बैंक र नेपाल क्लियरिङ्ग हाउसबीच सम्झौता

ग्लोबल आइएमई बैंक लिमिटेड र नेपालक्लियरिङ्ग हाउस लिमिटेडबीच नेशनल पेमेन्ट स्वीचको पहिलो चरणको थालनीका लागि औपचारिक रुपमा नेपाल पे क्यूआर सुविधा सुचारु गर्न सम्झौता भएको छ ।

ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र नेपाल क्लियरिङ्ग हाउस लिमिटेडका प्रमुख कार्यकारी अधिकृत निलेश मान सिंह प्रधानले बैंकको कर्पोरेट कार्यालयमा आयोजित एक कार्यक्रममा उक्त सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको छ ।

सम्झौता अनुसार ग्लोबल आइएमई बैंकले नेशनल पेमेन्ट स्वीचको पहिलो चरणअन्तर्गत बिलर गेटवेको सफल इन्टिग्रेसन गरी आफ्नो मोबाइल बैंकिङ्ग एप ग्लोबल स्मार्ट प्लसमा सरकारी तथा अर्ध-सरकारी बिल भुक्तानी, क्रेडिट कार्डको बिल भुक्तानी, बीमा शुल्क भुक्तानी, सेयर कारोबारको भुक्तानी लगायतका विभिन्न भुक्तानीहरु उपलब्ध हुने व्यवस्था गरेको छ ।

साथै बैंकले नेशनल पेमेन्ट स्वीच अन्तर्गतका नेपाल पे क्यूआर, नेपाल पे इन्सट्यान्ट, नेपाल पे रिक्वेस्ट, लगायतका अन्य सेवाहरु पनि चाँडै नै उपलब्ध




गराउने छ । सुरक्षित र भरपर्दो माध्यमको रुपमा विकास हुँदै गरेको डिजिटल पेमेन्ट प्रणालीको प्रवर्द्धनका लागि ग्लोबल आइएमई बैंक सदैव अग्रसर रहिआएको छ ।

ग्लोबल आइएमई बैंकले मुलुक भर तथा मुलुक बाहिर गरी सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुर्याउने उद्देश्यले ७६ जिल्लामा बैंकको २८८ शाखा, २५९ एटीएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ५१ एक्सटेन्सनतथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी करिब ८७० सेवा केन्द्रबाट २८ लाखभन्दा बढि ग्राहकलाई सेवाप्रदान गरिरहेको छ ।

त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आइरहेको छ ।

यसै सन्र्दभमा, नेपालक्लियरिङ्ग हाउस लिमिटेडले नेशनल पेमेन्ट स्वीचको कार्यान्वयनका लागि हालसम्म २७ वटा वाणिज्य बैक, ५ वटा विकास बैंक, १२ वटा फाइनान्स कम्पनीतथा ८ वटा भुक्तानी सेवा प्रदायक संस्था गरी जम्मा ५२ संस्थाहरु आबद्ध गराई सकेको छ ।

नेशनल पेमेन्ट स्वीचमा आबद्धमध्ये धेरैजसो संस्थाहरुले यस स्वीच अन्तर्गतका विभिन्न भुक्तानी उपकरणहरु कार्यान्वयन गरिसकेका छन् ।

नेशनल पेमेन्ट स्वीचको पहिलो चरणमा रिटेल पेमेन्ट स्वीच अन्तर्गत नेपाल-क्युआर स्ट्याण्डर्ड बमोजिम नेपालपे क्युआर तथा इन्टरनेटवर्क क्युआर, डाइरेक्ट डेबिट रिक्वेस्ट-टु-पे तथा इ-म्यान्डेटका उपकरणहरु, वालेट-वालेट बीच अन्तर आबद्धता, विभिन्न भुक्तानीका लागि बिलर गेटवेमार्फत अन्तर आबद्धता तथा पिएसओ सेटलमेन्ट लगायतका भुक्तानी उपकरणहरु उपलब्ध रहेका छन् ।

# लुम्बिनी विकास बैंकको एकै साथ थप नयाँ दुई शाखा उद्घाटन

लुम्बिनी विकास बैंक लिमिटेडले देशका विभिन्न ठाउँमा रहनु भएका ग्राहकहरुलाई बैंकिङ्ग सेवा पुर्याउने उदेश्यले थप दुई शाखाहरुको उद्घाटन गरेको छ । नयाँ खोलिएका शाखाहरुमा ८२ औं शाखाको रुपमा कपिलबस्तु जिल्ला, शिवराजनगरपालिका वडा नं. ५ स्थित चन्द्रौटाशाखार ८३ औं शाखाको रुपमा



बर्दिया जिल्ला मधुवन नगरपालिका वडा नं.८, स्थित तारा ताल शाखा रहेका छन् । यस विकास बैंकको चन्द्रौटा शाखाको उद्घाटन बिकास बैंकका सञ्चालक चिन्तामणि भट्टराई र लुम्बिनी प्रदेश सभासद अर्जुन के. सी. ले संयुक्त रुपमा गर्नु भयो । साथै ताराताल शाखाको उद्घाटन बैंकका सञ्चालक समितिका अध्यक्ष दशरथ रिसाल र उद्योग वाणिज्य संघ ताराताल‌का अध्यक्ष देबेन्द्र तिमल्सिनाले संयुक्त रुपमा गर्नु भयो । खोलिएका दुई शाखासहित यस विकास बैंकले देशका ७ वटै प्रदेशमा ८३ वटा शाखाहरुमार्फत कारोबार गर्दै आएको छ । निकट भविष्यमा कैलालीको लम्की र मसुरिया एवं कञ्चनपुरको बाणीमा समेत गरी थप ३ शाखाहरु खोल्नको लागीतयारी गरेको छ ।

# बैंक अफ काठमाण्डूका ग्राहकहरुलाई विभिन्न स्थानहरुमा ४५ प्रतिशत सम्मको विशेष छुट

बैंक अफ काठमाण्डू लिमिटेडले आफ्ना कार्ड तथा मोबाईल बैंकिङ्ग प्रयोगकर्ताहरुलाई देशका विभिन्न स्थानहरुमा ४५ प्रतिशत सम्मको छुट उपलब्ध गराउन विभिन्न होटल, रेस्टुरेन्ट, बुटिक, जिम-फिटनेस सेन्टर, अस्पताल, फार्मेसी तथा डेन्टल क्लिनिकहरुसँग सम्झौता गरेको छ । सम्झौता पश्चात् बैंकका कार्ड तथा मोबाईल बैंकिङ्ग प्रयोगकर्ताहरुले होटल तथा रेस्टुरेन्ट अन्तर्गत Purple Haze Restro and Garden, एयरपोटचोक, विराटनगरमा




१५%,Mitho Restaurant and Thakali Kitchen विर्तामोडमा १०%, Nobel Hotel and Swimming Complex Pvt. Ltd., इमाडोलमा १०%,Meeting Point Restaurant & Bar, विर्तामोडमा ५%, Hotel Earth Light Pvt. Ltd., सौरहा, चितवनमा २०%, Chicken Station, इमाडोलमा १०% तथा Solmari Restro & Meeting Pvt. Ltd., इमाडोलमा १५% को छुट पाउनुहुनेछ । अस्पताल, फार्मेसी तथा डेन्टल क्लिनिक अर्न्तगतः Medicity Pharmacy, विर्तामोडमा १०%, Ramjanaki Hospital Pvt. Ltd., जनपुरमा १५% तथा Namo Manakamana Dental and Clinic Pvt. Ltd., इमाडोलमा २५%को छुटको ब्यवस्था रहेको छ । साथै, बुटिक अर्न्तगत बैंकका कार्ड तथा मोबाईल बैंकिङ्ग प्रयोगकर्ता महानुभावहरुले विराटनगरको पिपलचोकमा रहेको Tanashqa Fashion Studio मा १५% छुट पाउनुहुनेछ । जिम-फिटनेस सेन्टर अर्न्तगत Shapes Fitness Gym, ढल्कोमा विभिन्न योजनाहरुमा ४५% सम्मको छुट रहेको छ । उक्त छुटको उपयोग गर्नको लागि ग्राहक महानुभावहरुले बैंकको कार्ड तथा मोबाइल बैंकिङ्गको प्रयोग गरी भुक्तानी गर्नुपर्नेछ । हालसम्म बैंक अफ काठमाण्डू लिमिटेडका कार्ड तथा मोबाईल बैंकिङ्ग प्रयोगकर्ताहरुले देशका विभिन्न होटल, रेस्टुरेन्ट, बुटिक, जिम-फिटनेस सेन्टर, अस्पताल, फार्मेसी तथा डेन्टल क्लिनिकमा विशेष छुटको उपभोग गर्न सक्नुहुनेछ ।

# मुक्तिनाथ विकास बैंकको सीईओमा पुनः पोखरेल

मुक्तिनाथ विकास बैंकको प्रमुख कार्यकारी अधिकृत(सिईओ) मा पुनः प्रद्युमन पोखरेल नियुक्त हुनुभएको छ । पोखरेलको पहिलो कार्यकाल सकिएसँगै पुनः सोही बैंकको सीईओमा नियुक्त हुनुभएको हो । बैंकको सञ्चालक समिति बैठकले उहाँलाई सीईओमा नियुक्त गरेको हो । बैंकिङ्ग क्षेत्रमा तीन दशक लामो अनुभव




संगाल्नुभएका पोखरेलले संस्थापक प्रमुख कार्यकारी अधिकृत भरतराज ढकालको कार्यकाल समाप्त भएपश्चात बैंकको दोस्रो प्रमुख कार्यकारी अधिकृतका रुपमा पदभार ग्रहण गर्नुभएको थियो । उहाँ २०७६ जेठ १ गते बैंकको सीईओमा नियुक्त हुनुभएको थियो । सीईओमा पुनः दोहिरिएसँगै पोखरेलले मुक्तिनाथ विकासको विकासका लागि फरक योजना र रणनीतिका साथ अगाडि बढ्ने बताउनुभयो । पोखरेलको पहिलो कार्यकालमा मुक्तिनाथ विकास बैंकका अधिकांश सूचकहरु उत्कृष्ट पनि देखिएका छन् । वाणिज्य शास्त्रमा स्नातकोत्तर गर्नुभएका पोखरेलले नबिल बैंकबाट आफ्नो बैंकिङ्ग सेवा सुरु गर्नुभएको थियो । उहाँले नबिल बैंकमा करिब १९ वर्ष विभिन्न विभागहरुको नेतृत्व समेत गर्नुभएको थियो । उहाँसँग मेगा बैंकमा पनि काम गरेको अनुभव छ । उहाँ डेभलपमेन्ट बैंकर्स एसोशिएसनका अध्यक्ष पनि हुनुहुन्छ ।

# मेगा बैंकबाट नेपाल प्रहरीलाई पकेट नोट बुक सहयोग

मेगा बैंक नेपाल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत नेपाल प्रहरीलाई दुई हजार थान पकेट नोट बुक सहयोग गरेको छ । मेगा बैंक



नेपाल लिमिटेडका कुलेश्वर शाखा प्रबन्धक सुनिल चौलागाईंले महानगरीय प्रहरी परिसर, टेकुलाई दुई हजार थान पकेट नोट बुक हस्तान्तरण गर्नुभयो । स्थानीय तह निर्वाचन २०७९ लाई लक्षित गरी शान्ति सुरक्षामा खटिने नेपाल प्रहरीलाई काम गर्न थप सहज होस् भन्ने हेतुले बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत सहयोग गरेको हो । सुरक्षा मार्ग निर्देशनसहित पकेट नोट बुक तयार गरिएको बैंकले जनाएको छ ।

## अर्थ संसार

# एन आई सी एशिया बैंकबाट डिजिटल भुक्तानी गर्दा २५ प्रतिशत छुट

गतिशील बैंकिङ्गको अभ्यास गर्दै समयअनुरुप ग्राहकमैत्री आकर्षक योजनाहरू ल्याइरहेको एन आई सी एशिया बैंकका ग्राहक महानुभावहरुलाई महाराजगन्जस्थित महाराजगन्ज प्लाजामा रहेको ग्यालेक्सी स्पेसियालिटि क्लिनिकमा विभिन्न रोग सम्बन्धी विशेषज्ञ सेवा लिँदा एवं काठमाडौं प्याथल्याव एण्ड डायग्नोस्टिक सेन्टरमा ल्याब टेष्ट गर्दा २५ प्रतिशत छुट उपलब्ध हुने गरी बैंक, क्लिनिक र सेन्टरबीच समझदारी भएको छ ।

सो सम्बन्धी समझदारीपत्रमा बैंकको तर्फबाट बैंकका लाइफस्टाइल युनिभर्स प्रमुख विमल लम्साल तथा क्लिनिक एवं सेन्टरका तर्फबाट प्रमुख कार्यकारी अधिकृत पुष्प लामिछानेले हस्ताक्षर गर्नुभएको छ । समझदारी

NIC ASIA
एन आई सी एशिया बैंक लि.
www.investopaper.com

अनुसार यस बैंकका ग्राहकहरुले सेवा लिएवापत डिजिटल भुक्तानी गर्दा २५ प्रतिशत छुट उपलब्ध हुने व्यवस्था गरिएको हो । बैंकका ग्राहकहरुले क्लिनिकबाट रक्तअल्पता, फोक्सो एवं श्वास-प्रश्वास, उच्च रक्तचाप, दम, बाथ, मुटु लगायतमा विशेषज्ञ सेवाहरु तथा सेन्टरबाट Hematology, Microbiology, Histopathology, Immuno Assay -ElA_, Cytopathology, FNAC, Immunofluorescence, Auto Immune Panel, Flow Cytometry / Kidney stone Analysis (FT–IR Technology) विभिन्न परीक्षणहरु गर्न सकिने व्यवस्था रहेको जनाएको छ ।

बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यो बैंक मुलुकभर रहेका ३५९ शाखा कार्यालयहरू, ४७३ एटिएम, १०२ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन पुगेको छ । देशको कुल जनसंख्या मध्ये २० वर्ष देखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई यस बैंकमार्फत सेवा दिन बैंक सफल भएको छ । उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब रू.३ अर्ब १६ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ । जुन मुलुकको वाणिज्य बैंकहरूमध्ये दोस्रो धेरै एवं समग्र देशको अन्य कम्पनीहरूको तुलनामा छैठौं ठूलो योगदान रहेको छ । वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ । देशको कुल जनसंख्याको ८० प्रतिशतभन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२ प्रतिशत शाखा कार्यालयहरू स्थापना गरेको छ ।

# सन्राइज बैंकको दोब्बर मुद्दति योजना

सन्राइज बैंकले सन्राइज दोब्बर मुद्दति योजना सञ्चालनमा ल्याएको छ । आफ्नो बचतलाई निश्चित अवधिमा उच्चतम ब्याजदर प्रदान गर्न व्यक्तिगत ग्राहकलाई लक्षित गरी ल्याइएको मुद्दतिमा ग्राहकले न्यूनतम एक लाख रुपैयाँ जम्मा गरी मुद्दति खाता खोल्न सक्ने बैंकले जनाएको छ ।

यो योजनाअन्तर्गत सो रकम ७७ महिनामा दोब्बर भएर शतप्रतिशत

SUNRISE BANK LTD

प्रतिफल प्राप्त गर्न सकिने बताइएको छ । मुद्दति योजनाको अन्तरालमा ग्राहकलाई रकम आवश्यक परेमा ९० प्रतिशतसम्मको ऋण लिनपनि सकिनेछ । यस्तै विशेष सुविधामा ग्राहकलाई क्रेडिट कार्ड जारी गर्दा लाग्ने शुल्क मिनाहा गरिएको साथै उपलब्धताका आधारमा लकरको वार्षिक शुल्कसमेत मिनाहा गरिएको बैंकले जनाएको छ । यसैगरी ग्राहकलाई सधैं प्राथमिकतामा राख्दै आएको बैंकले ग्राहकको बचत मात्र नभई उनीहरुको स्वास्थ्यमा पनि साथ दिँदै हरेक बचत खाता स्वास्थ्य बिमा प्रदान गर्दै आएको जनाएको छ । साथै नारीलाई बचत गर्न उत्प्रेरणा र उनीहरुको स्वास्थ्य सुरक्षामा साथ दिने उद्देश्य स्वरुप बैंकले नारी बचत खाता भएका महिलालाई ५ लाख रुपैयाँसम्मको घातक रोग खर्च एक लाख रुपैयाँसम्मको प्रसुती खर्चसमेत प्रदान गर्दै आएको छ । बैंकको हाल १३९ वटा शाखा, १२ वटा एक्सटेन्सन काउण्टर, १५७ वटा एटीएम र ९० वटा शाखारहित बैंकिङमार्फत सेवा प्रदान गर्दै आएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# बागीहरूका पाँच सन्देश

**भास्कर गौतम**

अब चार दिनपछि मतदान हुँदै छ । यस पटक निर्वाचनमा बागी उम्मेदवारहरूको संख्या बढ्ने अनुमान थियो, धेरै पहिलेदेखि । केही अटेरीले स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरेसँगै कतिपयमा बागी बन्ने आकांक्षा अझ जाग्यो । जब सत्तारूढ गठबन्धनले चुनावी तालमेल गर्ने प्रतिबद्धता देखायो, देशभरि बागी उम्मेदवार निस्कने सम्भावना बलियो बन्यो । भयो पनि त्यस्तै । यता ठूला दलहरूले उम्मेदवार चयनको कार्य टुंग्याउन थाले, उता वडावडा, पालिकापालिकामा बागीहरूको चर्चा चल्न थाल्यो ।

यस पटक स्थानीय निर्वाचनमा कुल १ लाख ४५ हजार १० जनाको उम्मेदवारी छ । यिनैमध्येबाट ३५ हजार २ सय २१ जनप्रतिनिधि छानिनेछन । धेरैको नजर यी उम्मेदवारको हारजितमा केन्द्रित रहेका बेला कतिपय पालिकामा बागी उम्मेदवारहरूको राम्रै चर्चा छ । प्रस्ट छ, बागीहरूमध्ये धेरैले सम्मानजनक मतसम्म पाउनेछैनन । केहीले राम्रो भोट ल्याउनेछन । थोरैले मात्र जित्नेछन । चुनावको जितहारमा धेरैको ध्याउन्न भए पनि बागीहरूको उम्मेदवारीले नेपाली लोकतन्त्रको आधारभूत चरित्रबारे कम्तीमा पाँचवटा सन्देश स्पष्टसँग दिएको छ ।

लोकतान्त्रिक काल्पनिकी र अभ्यासलाई परिवादवादबाट मुक्त गरिनुपर्छ । यो पहिलो सन्देश हो । २००७ सालमा प्रजातन्त्र आयो । प्रजातन्त्रसँगै कोइरालाहरूमा मौलाएको परिवारवादले नेपाली कांग्रेसलाई गिजोल्दै लग्यो । कृष्णप्रसाद कोइरालाका सुपुत्र, सुपुत्री र बुहारीहरूले मात्र लडेर २००७ सालमा परिवर्तन आएजसरी चर्चाहरू चले । इतिहासका ठेली लेखिए । राजनीतिक हाउगुजी त्यसै गरी फैलाइए । विराटनगरकै हकमा समेत हजारौंको संख्यामा मजदुरहरू होमिएको, उनीहरूको रगतपसिनाले परिवर्तन सिञ्चित भएको राजनीति बिर्साउने अभ्याहरू थालिए । कोइराला परिवारले सर्वसाधारणले लोकतान्त्रिक काल्पनिकीलाई विस्तार गर्न गरेको संघर्षलाई जतिजति अवमूल्यन गर्दै गयो, त्यतित्यति राजनीतिमा परिवारवाद झाँगिन थाल्यो । कांग्रेसी परम्परालाई निरन्तरता दिँदै यस पटक उपेन्द्र यादव नेतृत्वको जसपाले परिवारवादबाट लोकतान्त्रिक अभ्यासले सहजै मुक्ति नपाउने दृष्टान्त पेस गर्‍यो । विगतमा जस्तै विराटनगरमा परिवारवादको व्यापक चर्चा छ । परिवारवाद सबै दलको विशेषता बनिरहेछ । जनयुद्ध नै लडेको नेकपा माओवादी आम मानिसको त्याग, बलिदानको चर्चामा बाँचेको छ । तर व्यवहारमा माओवादीभित्र सर्वसाधारणका लागि खासै ठाउँ छैन । हिजो युद्धरत अवस्थामा धेरै क्रान्तिकारीले नयाँ क्षितिज खोज्ने यात्रामा एकअर्कालाई जीवनसाथी रोजे । संघर्षका सहयोद्धा त उनीहरू छँदै थिए । यही तर्क अघि सार्दै माओवादीले पहिलो संविधानसभा निर्वाचनमा धेरै दम्पतीलाई उम्मेदवार बनायो । पछि २०७४ को स्थानीय निर्वाचनमा त्यही सिलसिलाले निरन्तरता पायो । परिवारवादलाई थप फैलाइयो । हाल पुष्पकमल दाहाल यसरी प्रस्तुत भइरहेका छन्, मानौं उनकी सुपुत्री रेणु दाहालले नै हिजो जनयुद्ध लडेकी थिइन्, अरू माओवादी त केवल सघाउन होमिएका थिए ! जनसंघर्षबाट आएकाहरूको योभन्दा भद्दा अपमान अर्को के होला !

लोकतान्त्रिक प्रक्रियाका नाममा निर्वाचनमार्फत परिवारवादलाई स्थापित गर्नु कुनै राजनीति होइन । यो त राजनीतिका नाममा मञ्चन भइरहेको त्यस्तो सभा हो जसले वियोग र हास्यरसलाई एकैसाथ उद्वेलित गर्छ । चुनावी बहानामा चलिरहेको यस्तो राजनीतिक सभा जसले मतदातालाई समानताको प्रत्याभूति दिलाउन सक्दैन । सर्वसाधारणलाई गुणस्तरीय जीवनको उन्नत सम्भावनातर्फ डोर्‍याउन सक्दैन । जनतालाई उनीहरूले खोजेजसरी स्रोतको न्यायोचित वितरण हुने अवस्था बनाउन सक्दैन । सक्छ त केवल परिवारवादको प्रवर्द्धनमार्फत एकैसाथ वियोग र हास्यरस प्रदान गर्न । २०४६ यता चुनावी सभाले लोकतन्त्रको दुहाई दिँदै यस्तै पारिवारिक सभा मञ्चन गरिरहेको छ । दलभित्र एउटा ठूलो पंक्तिले यस्तै कार्यलाई राजनीति ठानिरहेको छ । राजनीतिका नाममा मञ्चन भइरहेको यस्तो भद्दा पारिवारिक सभालाई राजनीति नमान्ने उद्घोषसहित एक थरी बागीले उम्मेदवारी दिएका छन । ती उम्मेदवारको जितहार पछिको कुरा हो, हाल उनीहरूको उम्मदेवारी परिवारवादविरुद्ध छेडिएको राजनीतिक कार्य हो । परिवारवादमा जमेको राजनीतिक सभालाई चुनावी प्रक्रियाले पगाल्ने कोसिस आफैंमा ठूलो राजनीतिक घटना हो । यस्ता घटनाले मात्र परिवारवादमा परिणत चुनावी अभियानलाई राजनीतिक प्रक्रियामा ढाल्न सघाउँछ । आशा गरौं, चार दिनपछि हुने मतदानमा कम्तीमा केही पालिकामा परिवारवाद पराजित हुनेछ ।

बागीहरूको उम्मेदवारीले दलको स्वेच्छाचारी शासकीय मानसिकता अस्वीकृत गर्छ । यो दोस्रो सन्देश हो । नेपाल राणा(शाह कालदेखि नै परिवारवादले स्वेच्छाचारी शासन संस्थागत गरेको ऐतिहासिक राज्य हो । त्यही शासकीय विरासतलाई दलहरूले निरन्तरता दिए । नेताका अह्रौटेले उम्मेदवार प्रस्ताव गर्ने, नेताका भरौटे समितिले उम्मेदवार मनोनीत गर्ने र शीर्षस्थ नेताले उम्मेदवार चयन गर्ने अभ्यास संस्थागत भयो । २०४६ यता अधिकांश सन्दर्भमा दलका शीर्षस्थले छानेका, दलको संरक्षणमा रहेका अक्षम नेताहरू उम्मेदवार बने । मतदाताहरू तिनैमध्ये एक रोज्ने परिबन्दमा परे । तर जबजब जनाधार भएका नेता बागी बनेका छन्, मतदाताले विवेक देखाएका छन । दलका स्वेच्छाचारी मानसिकताविपरीत ती क्षणहरू राजनीतिक क्षण बन्छन्, जहाँ जनाधार भएका नेताहरू बागी बनेर मैदानमा उत्रन्छन । स्वेच्छाचारी राजनीतिक सभा राजनीतिक प्रक्रियामा परिणत हुने यस्तै बागी उम्मेदवारहरू होमिँदा हो । जहाँजहाँ मतदाताले यस्तो राजनीतिक प्रक्रियाको भेउ पाउँछन्, त्यहाँत्यहाँ दलको स्वेच्छाचारी मानसिकता मतदानबाट समेत अस्वीकृत हुन्छ । बागीहरू निर्वाचित हुन्छन । आशा गरौं, चार दिनपछि जनाधार बलियो भएका बागी उम्मेदवारहरूले त्यस्तो मौका पाउनेछन् र दलको स्वेच्छाचारी शासकीय मानसिकता पराजित हुनेछ ।

राज्यकोष दलका ठालुहरूको बपौती होइन, राज्यको सार्वजनिक ढुकुटी हो । बागीहरूको उम्मेदवारीले यो तेस्रो सन्देश पुनः सम्झाइरहेको छ । राज्यकोष कुनै दलका ठालु, उनका नातागोता र आसेपासेको बपौती होइन । सीमित व्यक्ति र तिनका गिरोहका स्वार्थमा दुरुपयोग गर्ने सम्पत्ति होइन । कुनै पनि दल वा निर्वाचित सरकारसँग त्यस्तो हकाधिकार सुरक्षित छैन । राज्यकोष सर्वसाधारणले रगतपसिना एक गरेर तिरेको तिरोबाट बनेको सार्वजनिक कोष हो । राज्यकोषको प्रत्येक पैसाको सदुपयोग त्यस्तो कार्यमा मात्र हुनुपर्छ, जसले सर्वसाधारणको गुणस्तरीय जीवनवृत्तिलाई सार्थक बनाओस । राजनीतिक दलका शीर्षस्थ नेता, तिनका आफन्तजन र आसेपासे कार्यकर्तालाई राज्यकोषको अधिपति आफू नै भएको जबसम्म लागिरहन्छ, स्थानीय सरकार स्थानीय रहन सक्दैन । जबसम्म संघको अह्रनखटनमा स्थानीय सरकारले केकति बजेट पाउने सामर्थ्य राख्छ तबसम्म स्थानीय चुनाव अर्थपूर्ण रहन्न । चुनाव कुनै रूपान्तरणकारी राजनीतिक प्रक्रियामा परिणत हुँदैन । बजेट विनियोजनको वार्षिक अभ्यास संघले स्थानीयलाई दिने अनुदान होइन । बजेट सर्वसाधारणले तिरेको करको त्यस्तो हिस्सा हो, जसको न्यायोचित वितरणमा स्थानीय सरकारको हकाधिकार छ । त्यस्तो हकाधिकार प्रयोग गर्दै आर्थिक स्रोतमा समान अधिकार राख्ने कार्यभार जनताले निर्वाचित प्रतिनिधिलाई प्रदान गरेका छन । हिजो नेताको संरक्षणमा स्थानीय प्रतिनिधि बनेका धेरैले यस्तो ऐतिहासिक जिम्मेवारी ठम्याउने सामर्थ्य राखेनन । आज पनि राख्दैनन । त्यसैले राजनीतिलाई सर्वसाधारणको जीवन सार्थक बनाउनतर्फ रूपान्तरित गर्ने प्रक्रियामा ढाल्ने कार्य भएन । दलका उम्मेदवारबाट हुने सम्भावना पनि नगण्य छ । धेरै बागी उम्मेदवारले राजनीतिको यही मूल पाठलाई पुनः जोड दिएका छन । यस्तो पाठ मतदाताले ग्रहण गर्न सके पक्कै जनाधार भएका बागी उम्मेदवारले मतदातामार्फत न्याय पाउनेछन ।

स्थानीय निर्वाचनको टिकट वितरणमा केन्द्रीकृत मानसिकताले उत्पन्न गरेको समस्या गहिरो छ । यो चौथो सन्देश हो । देशमा अनेकौं जनसंघर्ष भए । जनयुद्ध नै भयो । लोकतन्त्रले बाटो बिराउँदा ठूलठूला जनआन्दोलन भए । सबै संघर्षको एउटा साझा लक्ष्य केन्द्रीकृत मानसिकतामा कैद सत्ता र राज्यका संयन्त्र रूपान्तरित गर्नु थियो । संघीयतालाई संस्थागत गर्नु थियो । संघीयता अहिले अभ्यास गरेजस्तो केन्द्रीकृत अधिकारको प्रत्यायोजन होइन । स्वेच्छाचारी शासनको विकेन्द्रीकरण पनि होइन । संघीयता स्रोतको न्यायोचित वितरण गर्ने शासकीय संरचनाको परिवर्तन हो । संघीयता परिवारवाद र स्वेच्छाचारिताको ऐतिहासिकतामा भासिएको शासकीय संरचना जनस्वामित्वमा ढाल्ने राजनीतिक प्रक्रिया हो । स्थानीय निर्वाचनको उम्मेदवारी चयन गर्दासमेत संघीय अभ्यास थप अर्थपूर्ण बनाउन सकिन्थ्यो । तर शीर्षस्थ नेताहरू निर्णायक हुने छनोट प्रक्रियामा स्थानीयले सिफारिस गरेका उम्मेदवार पाखा लागे । जनस्तरमा लोकप्रिय रहेका कैयौं नेता नेपथ्यमा धकेलिएरु। उम्मेदवारीका लागि अयोग्य ठहरिएरु। आफ्नो भरिया बन्न इच्छुक लठैतहरूलाई दलको उम्मेदवारी बनाउँदै स्थानीय अधिकारको खिल्ली उडाइयो । संघीयतालाई शिथिल पारियो । बागी उम्मेदवारी संघीयतालाई पक्षाघात गरिदिने राजनीतिक अभ्यासविरुद्धको उद्घोष हो । आशा गरौं, संघीयतामा प्राण भर्नसमेत कतिपय ठाउँमा मतदाताहरूले सही उम्मेदवार चयन गर्नेछन । दलहरूले कब्जा गर्न चाहँदैमा समग्र चुनावी प्रक्रिया पार्टीको बन्धक हुँदैन । यो पाँचौं सन्देश हो । परिवारवाद, स्वेच्छाचारिता, केन्द्रीयता र राज्यकोषको दोहनमार्फत दलहरूले राज्य संयन्त्रमा कब्जाको मानसिकता विस्तार गरेका छन । चुनावसहित सम्पूर्ण राजनीतिक प्रक्रिया दलहरूले बन्धक बनाउन खोजेका छन । दलहरूले चाहँदैमा चुनावी प्रक्रियासमेत कब्जा हुने होइन । राजनीतिक सोच उनीहरूको बन्धक बन्ने होइन । कब्जा मानसिकताविरुद्ध जनाधार भएका स्थानीय नेताहरू जुध्ने नै छन । राजनीतिक विवेक नगुमाएकाले संघर्ष गर्ने नै छन । बागीहरूमा यस्तै जुझारुपन निहित छ । उनीहरूको संघर्षले राजनीतिक आशालाई पूर्णतः नामेट हुन दिएको छैन । उनीहरूको उम्मेदवारी कब्जा मानसिकताविरुद्धको लडाइँ हो । समग्र लोकतान्त्रिक अभ्यास नै दलका संकुचित सोच र अक्षमताको सिकार बनेकाले निसासिएको छ । बागीहरूको उम्मेदवारीले लोकतन्त्रलाई थोरबहुत सास फेर्ने अवसर प्रदान गरेको छ । आशा गरौं, मतदानको दिन लोकतन्त्र थप प्रज्वलित हुनेछ र त्यसले खुलेर सास फेर्नेछ ।

बागीहरूले प्रतिष्ठा गुमाउँदै गएको तथाकथित लोकतन्त्रलाई प्रतिष्ठित बनाएका छन । निष्प्राणप्रायः स्थानीय निर्वाचनमा थोरबहुत प्राण भरेका छन्रु। आफ्नो गाउँठाउँमा सही बागी उम्मेदवार चिन्न सकेका खण्डमा मतदाताहरूले निष्प्राण हुन लागेको लोकतन्त्रलाई तंग्रिने मौका दिनेछन । जनाधार भएका बागी उम्मेदवारले गर्न खोजेको राजनीतिक हस्तक्षेपलाई सार्थक बनाउनेछन । बागीहरूको सन्देश ऐनमौकामा गुमे स्थानीय निर्वाचनसँगै धेरै कुरा गुम्नेछन । मतादेशका नाममा पुनः परिवारवाद, स्वेच्छाचारिता,

बाँकी ३ पृष्ठमा

> **राजनीतिका नाममा मञ्चन भइरहेको यस्तो भद्दा पारिवारिक सभालाई राजनीति नमान्ने उद्घोषसहित एक थरी बागीले उम्मेदवारी दिएका छन । ती उम्मेदवारको जितहार पछिको कुरा हो, हाल उनीहरूको उम्मदेवारी परिवारवादविरुद्ध छेडिएको राजनीतिक कार्य हो । परिवारवादमा जमेको राजनीतिक सभालाई चुनावी प्रक्रियाले पगाल्ने कोसिस आफैंमा ठूलो राजनीतिक घटना हो । यस्ता घटनाले मात्र परिवारवादमा परिणत चुनावी अभियानलाई राजनीतिक प्रक्रियामा ढाल्न सघाउँछ । आशा गरौं, चार दिनपछि हुने मतदानमा कम्तीमा केही पालिकामा परिवारवाद पराजित हुनेछ ।**
>
> **बागीहरूको उम्मेदवारीले दलको स्वेच्छाचारी शासकीय मानसिकता अस्वीकृत गर्छ । यो दोस्रो सन्देश हो । नेपाल राणा(शाह कालदेखि नै परिवारवादले स्वेच्छाचारी शासन संस्थागत गरेको ऐतिहासिक राज्य हो । त्यही शासकीय विरासतलाई दलहरूले निरन्तरता दिए । नेताका अह्रौटेले उम्मेदवार प्रस्ताव गर्ने, नेताका भरौटे समितिले उम्मेदवार मनोनीत गर्ने र शीर्षस्थ नेताले उम्मेदवार चयन गर्ने अभ्यास संस्थागत भयो । २०४६ यता अधिकांश सन्दर्भमा दलका शीर्षस्थले छानेका, दलको संरक्षणमा रहेका अक्षम नेताहरू उम्मेदवार बने । मतदाताहरू तिनैमध्ये एक रोज्ने परिबन्दमा परे । तर जबजब जनाधार भएका नेता बागी बनेका छन्, मतदाताले विवेक देखाएका छन । दलका स्वेच्छाचारी मानसिकताविपरीत ती क्षणहरू राजनीतिक क्षण बन्छन्, जहाँ जनाधार भएका नेताहरू बागी बनेर मैदानमा उत्रन्छन । स्वेच्छाचारी राजनीतिक सभा राजनीतिक प्रक्रियामा परिणत हुने यस्तै बागी उम्मेदवारहरू होमिँदा हो । जहाँजहाँ मतदाताले यस्तो राजनीतिक प्रक्रियाको भेउ पाउँछन्, त्यहाँत्यहाँ दलको स्वेच्छाचारी मानसिकता मतदानबाट समेत अस्वीकृत हुन्छ । बागीहरू निर्वाचित हुन्छन । आशा गरौं, चार दिनपछि जनाधार बलियो भएका बागी उम्मेदवारहरूले त्यस्तो मौका पाउनेछन् र दलको स्वेच्छाचारी शासकीय मानसिकता पराजित हुनेछ ।**

# खेलकुद

## नेपालले जित्यो जिम्बावे 'ए' सँगको एकदिवसीय शृङ्खला

काठमाण्डौ । जिम्बावे 'ए' सँगको तेस्रो तथा अन्तिम एकदिवसीय क्रिकेट नेपालले जितेको छ । जिम्बावे 'ए' ले दिएको दुई सय १४ रनको लक्ष्य नेपालले ३० ओभर १ बलमा चार विकेट गुमाएर भेटायो । नेपालका लागि कुशल भुर्तेलले ६१ बलमा ८४ रन बनाए । यस्तै दीपेन्द्रसिंह ऐरीले नटआउट ६०, आशिफ शेखले २९ र विनोद भण्डारीले नटआउट २८ रन बनाए । बलिङतर्फ जिम्बावे 'ए' का ब्रान्डन मभुताले तीन विकेट लिए । यसअघि त्रिवि मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको जिम्बावे 'ए' ३२ ओभर १ बलमा दुई सय १३ रनमा अलआउट भयो । उसका लागि तालिवोनाशे मरुमानीले ५०, कुदजाई मौनजीले ३९ र रोए कायाले ३६ रन बनाए । बलिङतर्फ नेपालका किशोर महतोले पाँच विकेट लिए । त्यस्तै सोमपाल कामीले दुई विकेट लिँदा करण केसी र दीपेन्द्रसिंह ऐरीले एकएक विकेट लिए । वर्षाका कारण मैदान चिसो भएका कारण आजको खेल ३३ ओभरमा झारिएको थियो । आजको जितसँगै नेपालले तीन खेलको एकदिवसीय शृङ्खला दुई-एकले जितेको छ । प्रतियोगितामा नेपालका करण केसी प्लेयर्स अफ दि सिरिज घोषित भए । यसअघि तीन खेलको टी-२० शृङ्खलामा एक-एकको बराबरी भएको थियो ।

## नवौं राष्ट्रिय खेलकुदको नारा र लोगो र मस्कट सार्वजनिक

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको नारा, लोगो र मस्कट सार्वजनिक गरिएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले आज कार्यक्रम गरी गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुदको नारा, लोगो र मस्कट सार्वजनिक गरेको हो । युवा तथा खेलकुदमन्त्री महेश्वर गहतराज र राखेप सदस्य सचिव टङ्कलाल घिसिङले लोगो र मस्कट सार्वजनिक गर्नुभयो । नवौं राष्ट्रिूय खेलकुदका लागि 'एकताबद्ध देश, खेलकुदको सन्देश' नारा तय गरिएको छ । नारा सुयोग्यराज काफ्लेले रचना गरेका हुन् । त्यस्तै खुला प्रतिस्पर्धाबाट भोलानाथ पौडेलले डिजाइन गरेको लोगो र मस्कट सार्वजनिक गरिएको छ । पौडेल लोगोबापत ५० हजार र मस्कटको २५ हजार तथा नारा रचना गर्ने काफ्लेले १० हजार रुपैयाँ प्राप्त गरेका छन् । छनोट समितिमा मस्कट ३ वटा, लोगो १३ वटा र नारा ७ वटा प्राप्त भएका थिए । नवौं राष्ट्रिय खेलकुद आउँदो जेठ २२ देखि २८ गतेसम्म हुनेछ ।

## १३ औं सागकी गोल्डमेडलिस्ट चौधरी झुन्डिएको अवस्थामा फेला

काठमाडौं । १३ औं दक्षिण एसियाली खेलकुदमा नेपाललाई स्वर्ण पदक दिलाएकी भारत्तोलनकी खेलाडी सञ्जु चौधरी मृत अवस्थमा फेला परेकी छिन् । ललितपुरको महालक्ष्मीस्थानस्थित भाडामा बस्दै गरेको घरमा उनी मृत झुण्डिएको अवस्थामा फेला परेकी हुन्।२४ वर्षीया चौधरी एक्लै बस्दै आएकी थिइन् । घरबेटीले उनलाई झुण्डिएको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरीले घटनास्थल पुगेर मुचुल्का उठाएको छ । शवलाई हाल पोस्टमार्टमका लागि पठाइएको छ । घटनाबारे थप अनुसन्धान हुँदै गरेको महानगरीय प्रहरी परिसर ललितपुरका एसपी सिद्धि विक्रम शाहले जानकारी दिए । चौधरीले १३ औं सागमा ५९ केजी उमेरसमूहमा श्रीलंकाकी खेलाडीलाई पछि पार्दै स्वर्ण पदक जितेकी थिइन् ।

## नेपालले जित्यो जिम्बावे 'ए' सँगको एकदिवसीय शृङ्खला

जेभियर इन्टरनेसनल कलेज र नाथमले पाँचौं नारायणप्रसाद स्मृति अन्तरकलेज बास्केटबल प्रतियोगिताको उपाधि सोमबार जितेका छन् । जेभियर ब्वाइज तथा नाथम गर्ल्समा च्याम्पियन बने । ग्वार्कोस्थित आयोजक क्वेस्ट इन्टरनेसनल कलेजको कोर्टमा भएको ब्वाइज फाइनलमा जेभियरले गोल्डेनगेट इन्टरनेसनल कलेजलाई ७९-५५ ले पराजित गर्दै उपाधि रक्षा गर्‍यो । जेभियरका रवि पौडेलले १७ अंक योगदान गरे । जेभियर लगातार पाँचौं पटक च्याम्पियन बनेको हो । दोश्रो क्वाटरको समाप्तिसम्म गोल्डेनगेट समग्रमा ५ अंकले अगाडि थियो । पहिलो क्वाटरमा १८-१२ को अग्रता लिएको जेभियर दोश्रोमा ८-१९ ले पछि पर्‍यो । तेश्रोमा २६-१० र चौथोमा २७-१४ को महत्वपूर्ण अग्रता बनाउदै जेभियरले उपाधि सुनिश्चित गर्‍यो । उपाधिसँगै जेभियरले ५० हजार रुपैयाँ पुरस्कार पायो । उपविजेता गोल्डेनगेटले ३० हजार रुपैयाँ पुरस्कार पायो । गर्ल्सको उपाधि भिडन्तमा झरना वज्राचार्यको १३ अंकमद्दतमा नाथमले शुभश्रीलाई ३२-७ अंकले हराउदै नयाँ च्याम्पियन बन्यो । विगतका चार संस्करणको उपाधि जेभियरले जितेको थियो । जेभियर पाँचौं संस्करणमा सहभागी भएन भने नाथम पहिलो पटक प्रतियोगितामा सहभागी भएको हो ।

नाथमले पहिलोमा १३-०, दोश्रोमा ११-१, तेश्रोमा ६-२ र चौथोमा २-४ को प्रदर्शन गर्‍यो । विजेताले ३० हजार तथा उपविजेताले २० हजार नगद पुरस्कार पाए । ब्वाइजमा जेभियरका तेन्जिङ सोनाम भुजेल र गर्ल्समा नाथमकी कृषा डान्डेख्या 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए । दुवैले समान ५ हजार नगद पुरस्कार पाए । बैशाख २१ गतेदेखि सुरु प्रतियोगिताको ब्वाइजमा ८ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए । गर्ल्सको राउन्ड रोविन लिगमा ४ टिम सहभागी थिए । प्रतियोगिताको प्रायेजकमा कोकाकोला, सर्भा ट्राभल्स, सम्पूर्ण प्रिन्टिङ प्रेस र ओम शान्ति टेलर्स रहेका छन् । क्वेस्टका संस्थापक निर्देशक स्व. नारायणप्रसाद श्रेष्ठको सम्झनामा क्वेस्टले प्रतियोगिता आयोजना गर्दै आएको छ ।

## फुटबल विवाद : दुई सातामा बल्ल बन्यो कार्यदल

काठमाडौं । मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले १० खेलाडीलाई बन्द प्रशिक्षण छाड्न बाध्य बनाएपछि नेपाली फुटबलमा देखिएको घटनाक्रमले करिब दुई साता छुन लाग्दा अखिल नेपाल फुटबल संघ एन्फाले बल्ल यस विषयमा छानबिन गर्न कार्यदल गठन गरेको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) को आइतबार बसेको कार्यसमिति बैठकले नेपाली सेनाका पूर्व रथी भिक्टर शमसेर राणाको संयोजकत्वमा तीन सदस्यीय 'समस्या, पहिचान र सुझाव' कार्यदल गठन गरेको छ र उनीहरुलाई एक साताको समसयसीमा दिइएको छ । बन्द प्रशिक्षणबाट बाहिर रहेका १० खेलाडीले अघिल्लो साता नै घटनाबारे छानबिनका लागि युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद (राखेप)मा गुनासो गरे पछि एन्फा अध्यक्ष कर्मा छिरिङ शेर्पाले गत बुधबार नै छानबिन समिति गठन गर्ने बताएका थिए ।

## नारायण.....

नवराज पुडासैनी ३ हजार २३५ मत प्राप्त गरेर पराजित भए । यस्तै, एमालेका प्रेम बहादुर गुरुङले १ हजार ७४० र तत्कालीन नयाँ शक्ति पार्टी ( अहिलेको जसपा) का महेश कुमार गुरुङले १ हजार ४३१ मत पाएका थिए ।

स्थानीय निर्वाचन २०७४ को मतपरिणाम नियाल्दा यहाँ कांग्रेस पहिलो, माओवादी दोस्रो, जसपा र एमाले तेस्रो शक्तिको रूपमा देखिन्छन् । ८ वडा रहेको यस पालिकामा ६ वटा कांग्रेस, एक माओवादी र एक जसपाले नेतृत्व गरेका छन् भने पालिका अध्यक्ष उपाध्यक्ष दुवै कांग्रेसका हुन् । कार्यपालिकामा पनि कांग्रेसको स्पष्ट बहुमत थियो ।

गृहपालिका भए पनि जनसंगठन बलियो नहुँदा श्रेष्ठलाई आफ्नो गृह पालिकामा पार्टीको उम्मेदवार जिताउन हम्मेहम्मे पर्ने देखिन्छ । तर, पनि आफ्नो निर्वाचन क्षेत्रका अधिकांश पालिका जित्ने सम्भावना भएको उनका स्वकीय सचिव सुरेशकाजी श्रेष्ठ बताउँछन् ।

'हामीले निर्वाचन क्षेत्रका अधिकांस पालिका जित्छ भन्ने छ । त्यसैले हामी निर्वाचन क्षेत्रका पालिका केन्द्रित भएर चुनाव प्रचारप्रसार, मतदाता भेटघाट, जनसभा लगायतका कार्यक्रमलाई तीव्रता दिइरहेका छौं', स्वकीय सचिव श्रेष्ठले भने । आसन्न निर्वाचनमा यस पालिकामा कांग्रेसको तर्फबाट ज्ञानेन्द्र गुरुङ, माओवादीको तर्फबाट नवराज पुडासैनी, एमालेबाट देवराज श्रेष्ठ, जसपाबाट चित्र बहादुर गुरुङको प्रतिस्पर्धा हुने देखिन्छ ।

## चितवन.....

थिइन् । एमालेबाट उम्मेदवार बनेका नारायणप्रसाद अधिकारी ३ हजार ६१ मतसहित दोस्रो भएका थिए । वडा नं. १ देखि ६ सम्मको गणनामा अगाडि रहेका अधिकारी वडा नं. ७ को गणनामा पछाडि परेर हार व्यहोरेका थिए ।

माओवादीबाट गाउँपालिका अध्यक्ष उम्मेदवार बनेका प्रताप गुरुङले २ हजार ३९९ मत ल्याएका थिए । २०७४ मा अध्यक्ष उम्मेदवार बनिसकेका प्रताप गुरुङ अहिले सत्ता गठबन्धनको तर्फबाट उपाध्यक्षको उम्मेदवार बनेका छन् ।

७ वडा रहेको गाउँपालिकामा अघिल्लो चुनावमा एमालेले वडा नं. १, २ र ६ गरी तीनवटा वडा जित्यो भने, कांग्रेसले वडा नं. ४, ५ र ७ जित्यो । माओवादी केन्द्रले वडा नं. ३ जित्यो । गत स्थानीय तहको निर्वाचनमा इच्छाकामना गाउँपालिकामा ११ हजार ६ सय ५४ मतदाता रहेका थिए । यसपटक४ हजार मतदाता संख्या बढेर १५ हजार ६ सय ३४ पुगेको छ । पुरुष मतदाताको संख्या ८ हजार २ सय ४२ र महिला मतदाताको संख्या ७ हजार ३ सय ९२ पुगेको छ । बढेको मतदाता निर्णायक मानिएको छ ।

अघिल्लो चुनावको मतपरिणाम जोड्दा गठबन्धन सहज अवस्था छ तर त्यही भित्रको अन्तद्वन्द्वबाट मत आफ्नो पक्षमा पारेर चुनाव जित्ने रणनीतिमा एमाले देखिन्छ । एमालेले भरतपुर महानगरपालिका र इच्छाकामना गाउँपालिकामा सर्वसम्मत उम्मेदवार चयन गरेको थियो । एमालेमा उम्मेदवारका विषयलाई लिएर कुनै विवाद देखिएन तर कांग्रेस भित्र भने असन्तुष्टि छ ।

कांग्रेसलाई बागीको डर

कांग्रेसबाट गाउँपालिका उपाध्यक्ष जितेका कृतिकुमार श्रेष्ठ अध्यक्षको उम्मेदवार बन्न चाहन्थे तर अन्तिम समयमा गीता गुरुङले नै टिकट पाइन् । गीतालाई फेरि पनि टिकट दिइएको भन्दै श्रेष्ठ असन्तुष्ट छन् । गठबन्धनको नीति अनुसार जसले जहाँ जितेको छ उसले त्यहाँ लिने सहमति अनुसार कांग्रेसले नै उपाध्यक्ष पाउनुपर्नेमा माओवादीलाई दिइएको भन्दै इच्छाकामना कांग्रेस नेता कार्यकर्ता असन्तुष्ट छन् । गाउँपालिका अध्यक्षमा विक्रम श्रेष्ठले कांग्रेसबाट बागी उम्मेदवारी दिएका छन् । वडा नं. ५ मा पनि कांग्रेसका बागी उम्मेदवार छन् । माओवादीले अन्तिमसम्म पनि अध्यक्ष पाउनुपर्ने भन्दै दाबी नछाडेका कारण जिल्ला गठबन्धनमा यो विषय टुंगो लाग्न पनि समस्या भएको थियो । उपाध्यक्षको टिकट नपाएर कांग्रेसले दुखाएको चित्त बुझाउन वडा बाँडफाँटमा केही बढी कांग्रेसको भागमा पारिएको छ । कांग्रेसले वडा नं. ४, ५, ६ र ७ नम्बर र माओवादी केन्द्रले १, २ र ३ नम्बर वडाको अध्यक्ष पाउने गरी भागबण्डा गरिएको छ ।

इच्छाकामना जातीय रुपमा चेपाङ जातिको बहुल्य क्षेत्र हो । चेपाङ पछि गुरुङ जातिको प्रभाव छ । गाउँ पालिकाका अध्यक्षमा गठबन्धन र एमाले दुवैले गुरुङ उम्मेदवार नै उठाएकाले मत बाँडिने अवस्था छ । अर्कोतिर बजार क्षेत्रको मत कता बढी जान्छ उसैले जित्ने सम्भावना रहन्छ । मुग्लिन, कुरिनटार र फिस्लिङ जस्ता बजार क्षेत्रमा बढी मतदाता छन् ।

को हुन गीता र दानबहादुर ?

इच्छाकामना गाउँपालिका ३ घर भएकी गीता गुरुङ यसअघि गाउँपालिका अध्यक्ष भएर पाँच वर्ष काम गरिसकेकी छिन् । उनी कांग्रेसको क्रियाशील महिला नेतृको रूपमा परिचित छन् । कांग्रेस महासमिति सदस्य रहेकी गीता राजनीतिमा आउनुअघि शिक्षक थिइन् । उनले फिस्लिङमा रहेको विद्यालयमा पढाउँथिन् । अघिल्लो पटकको स्थानीय तहको निर्वाचन आउनु अगाडि शिक्षण पेशाबाट राजीनामा दिएर राजनीतिमा आएकी हुन् । सरकारी विद्यालयलाई अंग्रेजी माध्यममा लैजाने, युवाहरुलाई गाउँपालिकामा नै रोजगारीको अवसर दिलाउने, अधुरा विकास निर्माणका कामलाई पूर्णता दिने, किसानको आर्थिक र सामाजिक अवस्थालाई उचाइमा पुऱ्याउने जस्ता नारा गीताले चुनावका दिएकी छन् । एमालेबाट उम्मेदवार बनेका दानबहादुर गुरुङ इच्छाकामना गाउँपालिका ६ का बासिन्दा हुन् । राष्ट्रिय आधारभूत विद्यालय पैरेनीका प्रधानाध्यापक दानबहादुर सेवा निवृत्त हुन ४ वर्ष मात्रै बाँकी छँदा पदबाट राजीनामा दिएर राजनीतिमा होमिएका हुन् । एउटा विद्यालयको प्राध्यानाध्यापक मात्रै हुनुभन्दा गाउँपालिकाका सबै विद्यालयको समेत अवस्था सुधार्न जरुरी ठानेर उनले शिक्षण पेशाबाट राजीनामा दिएको उनले बताए ।

नेपाल राष्ट्रिय शिक्षक संगठन चितवन जिल्ला अध्यक्ष भैसकेका दानबहादुरले इच्छाकामना ६ स्थित राष्ट्रिय आधारभूत विद्यालय पैरेनीमा २०५२ सालबाट पढाउन थालेका थिए । अहिले उनी एमाले इच्छाकामना गाउँपालिकाका इन्चार्ज पनि हुन् ।

गुरुङले गाउँपालिकाको अध्यक्षमा विजयी भए गरिबीको रेखामुनि रहेका चेपाङ, दलित समुदायको जीवनस्तर उकास्ने खालका कार्यक्रम ल्याउने, सुकुम्बासीलाई लालपुर्जा वितरण गर्ने, इच्छाकामनाका धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास गर्ने, सडक सञ्जालको विस्तार गर्नेलगायतका योजना रहेको बताए ।

इच्छाकामनाका ग्रामीण क्षेत्रका सडकको अवस्था दयनीय रहेकाले ती सडकको स्तरोन्नति गर्ने, भौतिक पूर्वाधारका क्षेत्रलाई प्राथमिकतामा राखेको उनको भनाइ छ ।

## देश.....

निर्वाचनको लागि निर्वाचनमात्र गरेको देखिन्छ । प्रकृया पुरा गर्नको लागि व्यक्ति विशेषलाई प्रधानमन्त्री, मन्त्री बनाउन वा स्थानीय सरकारहरुमा विदेशी स्वार्थ पुरा गराउन यस्ता निर्वाचनले भुमिका खेलेको देखिन्छ ।

**स्थानीय सरकारलाई कसरी प्रभाव पार्छ त ?**

नेपालको आफ्नो उत्पादन भन्ने चीज नै केही छैन । भवन बनाउन विदेशी फलाम, सिमेन्ट, स्टील, भवन बनाइसकेपछि अफिसमा प्रयोग हुने स्टेशनरी सामानहरु, अत्याधुनिक कम्प्युटर, तार टेलिफोन, दराज, कागज, त्यसैगरी विदेशमा बनेका सवारी साधन अर्थात गाडी, मोटरसाइकल, बस, नेपालमा केही नबन्ने हुदाविदेशबाट आयात गर्नुपर्दा विकसीत राष्ट्का कुनै बजारमा नबिक्ने नेपालमा बिचेर पैसा कमाउने विदेशी योजनामा काम गर्छन् ।

**जडीबुटी देखि हाइड्रोसम्ममा विदेशी प्रभाव**

नेपालमा महत्वपूर्ण जडिबुटी पाइन्छन् त्यो नेपालमा नै प्रशोधन गरेर निर्यात गर्न थाल्यो भने विकसित राष्ट्र त्यो पनि शक्तिशाली राष्ट्रहरुको विश्व बजारमा व्यापार घट्ने हुनाले त्यो नेपालमा नगरोस भन्ने दवाव सधै रहने गरेको हुन्छ ।

जलस्रोतको अथाहा भण्डार भएको नेपालले अत्याधिक बिधुत निकालेर सबै प्रकारका काम बिधुतबाट गर्न थाल्यो भने तेल बेच्ने राष्ट्रहरुको पेट्रोल, डिजेल बिकनैन त्यसैले नेपालका खोला नदी, सबै विदेशी कम्पनीहरुले बिधुत बनाउन भनेर ओगटेर बरु फाइन तिर्दै भए पनि ओगटेर नै राख्ने बिधुत उत्पादन बढ्न नदिने षन्यन्त्रकामय नै छ । यस्ता कुनियोति काम गर्नको लागि राजनीतिका पार्टीहरुसँगको साठगाठमा विदेशी निर्देशनले काम गरेको हुन्छ ।

यस्ता कामहरुको अन्त्य गर्न केहीले आट गरेपनि सकिराखेका छैनन् ।

## बागी........

केन्द्रीयता, राज्यस्रोतको दोहन फाँगिने दुष्कार्य बलवान् हुनेछ । आखिर चुनावी अभियानमा दलहरूले यसै पनि अन्य किसिमले आशा जगाउने कुनै दृष्टान्त पेस गरेका छैनन् । कान्तिपुर

## पैसा......

भएमा आम नागरिकको मतदानको अधिकार सुनिश्चित हुनेछ र वर्तमान राजनीतिमा देखिएका विकृतिहरू पनि समाप्त हुँदै जानेछन् । 'म कसैलाई भोट दिन्नँ' भन्ने माग पनि मताधिकार नै हो । यसको अर्थ हुन्छ 'निर्वाचनमा मैले कुनै व्यक्तिलाई योग्य उम्मेदवार देखिनँ ।' त्यसैले मतदान गर्न चाहन्नँ ।' यसले मताधिकार प्रयोगका नाममा एउटालाई मतदान गर्नैपर्ने बाध्यात्मक अवस्थाको अन्त्य पनि गर्नेछ । यस्तो प्रावधान आउनुपूर्व नै दलभित्र फस्टाउँदै गरेका विकृतिको अन्त्य गर्नु उपयुक्त हुनेछ । कान्तिपुर

# स्थानीय चुनाव : बैशाख ३० गते चटयाङ्गसहित वर्षा हुने

काठमाडौं । हाल नेपालमा स्थानीय वायु र भारतको बिहार-पश्चिम बङ्गालमा बनेको न्यून चापीय प्रणालीको प्रभाव रहेको छ । साथै, हाल दक्षिण बंगालको खाडीमा चक्रवात "असानी" विकसित भएको छ । उक्त प्रणाली उत्तरपश्चिम ( भारत) तर्फ सर्ने क्रममा रहेको र वैशाख ३० गते (२०२२ मे १३) सम्म कमजोर अवस्थामा उत्तरी बंगालको खाडीमा रहने सम्भावना रहेको देखिन्छ ।उक्त प्रणालीको आंशिक प्रभाव नेपालमा पनि पर्न सक्ने सम्भावना देखिएको जल तथा मौसम विभागले जनाएको छ ।

२०७९ वैशाख २८ गते (बुधबार) को मौसमी अवस्था

बुधबार देशभर आंशिक देखि सामान्य बदली रहने सम्भावना छ । प्रदेश १, बागमती, गण्डकी तथा लुम्बिनी प्रदेशका केही स्थानहरुमा मेघ गर्जन⁄ चटयाङ्ग सहित हल्का देखि मध्यम वर्षाको संभावना रहेको छ । साथै मधेश, कर्णाली र सुदुरपश्चिम प्रदेशहरुका थोरै स्थानहरूमा मेघ गर्जन⁄चटयाङ्ग सहित हल्का वर्षाको सम्भावना रहेको विभागले जनाएको छ । २०७९ वैशाख २९ गते ( बिहिबार) : देशभर आंशिक देखि सामान्य बदली रहने सम्भावना छ । प्रदेश १, मधेश प्रदेश, बागमती, गण्डकी तथा लुम्बिनी प्रदेशका केही स्थानहरुमा मेघ गर्जन⁄चटयाङ्ग सहित हल्का देखि मध्यम वर्षाको संभावना रहेको छ । साथै कर्णाली र सुदुरपश्चिम प्रदेशहरुका थोरै स्थानहरूमा मेघ गर्जन⁄ चटयाङ्ग सहित हल्का वर्षाको सम्भावना रहेको छ । साथै तराईका भू-भागहरुमा हावाहुरीको सम्भावना पनि रहेको देखिन्छ ।

२०७९ वैशाख ३० गते (शुक्रबार) : देशभर आंशिक देखि सामान्य बदली रहने सम्भावना छ । प्रदेश १, बागमती तथा गण्डकी प्रदेशको केही स्थानहरुमा मेघ गर्जन ⁄ चटयाङ्ग सहित हल्का देखि मध्यम वर्षाको संभावना रहेको छ । साथै मधेश, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशहरुका थोरै स्थानहरूमा मेघ गर्जन ⁄ चटयाङ्ग सहित हल्का वर्षाको सम्भावना रहेको छ । २०७९ वैशाख ३१ गते (शनिवार) : देशको प्रदेश १, बागमती प्रदेश, मधेश प्रदेश तथा गण्डकी प्रदेशका आंशिक देखि सामान्य बदली रहने तथा बाँकी प्रदेशहरुमा आंशिक बदली रहने सम्भावना छ । प्रदेश १, बागमती, गण्डकी प्रदेशको पहाडी भू-भागका केही स्थानहरुमा मेघ गर्जन ⁄ चटयाङ्ग सहित हल्का वर्षाको संभावना रहेको छ। साथै कर्णाली र सुदुरपश्चिम प्रदेशहरुका एक वा दुई स्थानहरूमा मेघ गर्जन ⁄ चटयाङ्ग सहित हल्का वर्षाको सम्भावना रहेको छ । यो मौसमी प्रणालीका कारण निर्वाचन अवधिमा पर्न सक्ने असर र प्रभाववाट जोगिन आवश्यक सतर्कता अपनाउन समेत आग्रह गरेको छ ।

## गठबन्धनले जनताको विश्वास जित्दै आएको छ : अध्यक्ष नेपाल

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पाँच दलीय गठबन्धनले जनताको विश्वास जित्दै आएको बताएका छन् । पाँच दलीय गठबन्धनद्वारा आज पोखरामा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै उहाँले अहिलेको लोकतान्त्रिक र वामपन्थी गठबन्धन इतिहासको लामो कालखण्डमा खारिदै आएको र प्रत्येक मोडमा आफ्नो विचार र व्यवहारबाट नै जनताको विश्वास जित्दै आएको उल्लेख गरे । उनले भने, "गठबन्धन गरेर हामीले राम्रो र सही काम गरेका छौं । कांग्रेस र कम्युनिष्ट मिलेर नै विसं २००७ र विसं २०४६ सालको परिवर्तन गरेका हौं । विसं २०६२ को जनआन्दोलन सफल पारेर गणतन्त्र स्थापना गर्दै संविधानसभाको चुनाव र संविधान निर्माण गरेर घोषणा पनि गठबन्धनबाट नै सम्भव भएको हो ।" पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले नेकपा एमालेका अध्यक्ष केपी ओलीले दक्षिणपन्थी र संविधान विरोधी गठबन्धन गर्दै दुई⁄दुई पटक संविधानको गलत व्याख्या गरेर प्रधानमन्त्रीको अधिकारको दुरुपयोग गरेर संसद् विघटन गरेको आरोप लगाए । अध्यक्ष नेपालले पोखरालाई पर्यटकीय नगरमा विकास गर्ने, तालतलैयाको संरक्षण र वस्तीलाई राम्रो बनाउने, रोजगारी प्रवर्द्धनसहित शिक्षा, र स्वास्थ्यका क्षेत्रमा विकासका लागि गठबन्धनका उम्मेदवारलाई विजयी गराउन आग्रह गरे । भ्रष्टाचार नगर्ने, सुशासनको प्रवर्द्धन, जनताको मन जित्ने, विश्वास जित्ने र जनतासँग निरन्तर भेटघाट गरिरहनसमेत उहाँले उम्मेदवारलाई सुझाव दिए ।

संसारलाई आकर्षित गर्नसक्ने पोखरा महानगरको प्रमुख⁄उपप्रमुख पद धेरै महत्वपूर्ण रहेको उल्लेख गर्दै अध्यक्ष नेपालले फेवातालालाई जोगाउने र अतिक्रमण हटाउनु आवश्यक रहेको स्पष्ट पारे । उनले तालको अतिक्रमण नहटाउँदासम्म पोखराको आफ्नो पहिचानलाई जोगाउन नसकिनेसमेत उल्लेख गरे । रासस

# अन्तराष्ट्रिय समाचार

## श्रीलंकाका प्रधानमन्त्री राजापाक्षेद्वारा राजीनामा

श्रीलंकाका प्रधानमन्त्री महिन्दा राजापाक्षेले राजीनामा दिएका छन् । आर्थिक संकट गहिरिएर देशव्यापी प्रदर्शन पछि उनले राजीनामा दिएका हुन् । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले ७६ वर्षीय राजापाक्षेले राष्ट्रपति समेत रहेका आफ्ना भाई गोटावाया राजापाक्षेसमक्ष राजीनामा बुझाएका छन् । उनले आफ्नो राजीनामाले आर्थिक संकट समाधान हुने आशा समेत व्यक्त गरेका छन् । यसलाई सरकारविरोधीको चित्त बुझाउनका लागि चालिएको कदमका रुपमा हेरिएको छ । श्रीलंका यतिबेला इतिहासकै चरम आर्थिक संकटमा छन् । वैदेशिक मुद्रा सचिती निकै कम छ । इन्धनको संकट चुलिएको छ । खाद्य संकटले श्रीलंका समस्यामा रहेको छ । पूर्वाधार विकासका लागि चीनसँग उसले अरबौं डलरको ऋण लिएको थियो । यसले पनि उसलाई संकटमा धकेल्यो । श्रीलंकाले भारतसँग अरबौं डलर सहयोग लिइसकेको छ ।

## श्रीलंकामा हिंसात्मक झडप, एक सांसद मारिए

श्रीलंकामा सोमबार भएको हिंसात्मक झडपको क्रममा सत्तारुढ दलका एक सांसदको मृत्यु भएको छ । साथै १३० भन्दा धैरै घाइते भएका छन् । तीमध्ये केहीको अवस्था गम्भीर रहेको बताइएको छ । समाचार एजेन्सी एएफपीले प्रहरीलाई उद्धृत गर्दै सांसद पी अमरकीर्ती अथुकोरालाको मृत्यु भएको पुष्टि गरेको छ । स्थानीय मिडियाका अनुसार एक सांसद र एक पूर्वमन्त्रीको घरमा सोमबार साँझ भीषण आगजनी पनि गरिएको छ । पूर्वमन्त्री जोनस्टन फर्नान्डोको माउन्ट ल्याभिनियामा रहेको घर र सांसद सनथ निशान्तको घरमा प्रदर्शनकारीले आगजनी गरेका हुन् । अहिले घटनास्थलको भिडियो फुटेज सामाजिक सञ्जालमा व्यापक रुपमा भाइरल बनेको छ । घटनास्थलको उक्त भिडियोमा भीषण रुपमा आगजनी भइरहेको र धुवाँको मुस्लो देखाइएको छ । सरकारले कर्फ्यू लगाइरहँदा पनि हजारौं मानिस सडकमा उत्रिएर प्रदर्शन गरिरहेका छन् । यस प्रदर्शनलाई श्रीलंकामा अहिलेसम्म भएका सरकार विरोधी प्रदर्शनमध्येकै सबैभन्दा ठूलो भएको बताइएको छ । सोमबार बिहानैदेखि प्रधानमन्त्री महिन्दा राजापाक्षेका समर्थकहरूले प्रदर्शन गरिरहेका थिए । यसैबीच सोमबार दिउँसो महिन्दा राजापाक्षेले प्रधानमन्त्री पदबाट राजीनामा दिएका छन् । यद्यपि प्रदर्शन रोकिएको छैन । साँझसम्म प्रदर्शनले हिंसात्मक रुप लिएको छ । सोमबार बिहान प्रधानमन्त्री निवास नजिकै टेम्पल ट्रीस अगाडि प्रदर्शन गरेका प्रदर्शनकारीहरू अहिले त्याली गरेका छन् । प्रदर्शनलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास प्रहार गर्नुका साथै धरपकड गरेको छ । २ करोड जनसंख्या रहेको श्रीलंकाका आर्थिक संकटसँगै पछिल्लो समय राजनीतिक संकट उत्पन्न भएको छ ।

## सन् २०२५ सम्ममा चीनमा नर्सको संख्या ५५ लाख पुग्ने

चीनको राष्ट्रिय स्वास्थ्य आयोगले सार्वजनिक गरेको नयाँ योजनाअनुसार सन् २०२५ सम्ममा देशमा ५५ लाख नर्स हुनेछन् । सन् २०२५ सम्ममा प्रति हजार जनामा ३ दशमलव ८ दर्ता नर्स रहने नर्सिङ विकास योजनाले देखाएको छ । सन् २०२० को अन्त्यमा चीनमा दर्ता नर्सहरूको सङ्ख्या ४७ लाखभन्दा बढी थियो जुन २०१५ को तुलनामा ४५ प्रतिशतले बढेको छ । देशका ७० प्रतिशतभन्दा बढी नर्सहरूसँग जुनियर कलेज डिग्री वा त्योभन्दा माथिको डिग्री रहेको जनाइएको छ । नर्सिङको सुधारले मानिसहरूको स्वास्थ्य सुधार गर्न मद्दत पुग्ने चीनको राष्ट्रिय स्वास्थ्य आयोगको योजनामा उल्लेख छ ।

## रुसको सुरक्षाका लागि युक्रेनमा सैन्य कारबाही आवश्यक छ : पुटिन

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले देशको सुरक्षाका लागि युक्रेनमा विशेष सैन्य कारबाही आवश्यक भएको बताउनुभएको छ । विजय दिवसको अवसरमा राजधानी मस्कोको रेड स्क्वायरमा भएको समारोहमा पुटिनले रुसले सहफ समयमा सहफ निर्णय गरेको दाबी गर्नुभएको बीबीसीले जनाएको छ । पुटिनले युक्रेनमाथि भइरहेको आक्रमणको निर्णय स्वतन्त्र, बलियो र सार्वभौम राष्ट्रका लागि सही निर्णय भएको जिकिर गर्नुभएको छ । रुसी सेनालाई सम्बोधन गर्दै पुटिनले आफूहरू रुसको सुरक्षाका लागि लडिरहेको बताउनुभयो । रुसले युरोपलाई निष्पक्ष समाधान खोज्न अपिल गरेको तर युरोपले रुसको कुरा सुन्न नचाहेको पनि पुटिनले बताउनुभयो । युरोपले डोनबास क्षेत्रमा आक्रमण गर्ने योजना बनाएको र त्यो रुसका लागि खतरा र हेकोले अहिलेको शैन्य कारवाही डोनबास क्षेत्रमा केन्द्रित गरेको पनि उहाँले बताउनुभयो । पुटिनले आफ्नो भाषणमा कुनै ठूलो घोषणा भने नगर्नुभएको बीबीसीले जनाएको छ । पुटिनले पश्चिमाहरूले आफूहरूको कुरै सुन्न नचाहेकोले अहिलेको अवस्था आएको दोहोऱ्याउनुभएको छ। दोस्रो विश्वयुद्धमा नाजी जर्मनीमाथि रुसले गरेको विजयको सम्झनामा हरेक वर्ष मे ९ मा रुसमा विजय दिवस परेड मनाइन्छ ।

## तालिबान सरकारद्वारा सार्वजनिक ठाउँमा महिलालाई बुर्का लगाउन आदेश

अफगानिस्तानका तालिबान प्रमुखले देशका महिलालाई सार्वजनिक स्थानमा बुर्का लगाउन आदेश दिएका छन् । अफगानिस्तानका सर्वोच्च नेता तथा तालिबान प्रमुख हिबातुल्लाह अखुन्दजादाले अब महिलाहरुले बुर्का नलगाइ सार्वजनिक स्थानमा देखा पर्न नसक्ने आदेश दिएको समाचार संस्था एएफपीले जनाएको छ । यो आदेश गएको अगस्टमा तालिबानले सत्ता कब्जा गरेयताकै सबैभन्दा कठोर नियन्त्रण भएको खबरमा उल्लेख छ । तालिबानले बुर्काको अनिवार्यतालाई सम्मानजनक परम्परा भएको जिकिर गरेको छ । महिलाहरुले पुरुषको नजरबाट बच्न र पुरुषलाई उत्तेजित हुनबाट रोक्न पनि बुर्का लगाउनुपर्ने शरिया कानुनको निर्देशन रहेको तालिबानको आदेशमा उल्लेख छ । यस्तै कुनै महत्वपूर्ण काम नभएमा महिला घरभित्रै बस्दा राम्रो हुने तालिबानको सुझाव छ ।

## अफगानिस्तानमा चरम भोकमरी

अफगानिस्तानमा चरम खाद्य सङ्कट देखिएको छ । दुई करोड बीस लाखभन्दा बढी मानिसहरू गम्भीर भोकमरीबाट ग्रस्त छन् । त्यो जनसङ्ख्या देशको कुल जनसङ्ख्याको आधाभन्दा बढी हो । करीब ९७ प्रतिशतभन्दा बढी अफगानीहरू खाद्यान्न अभावबाट प्रभावित रहेको पनि संयुक्त राष्ट्रसंघले जनाएको छ । गत वर्ष अगस्टमा तालिबानले अफगानिस्तान नियन्त्रणमा लिएपछि जीवनयापन र खाद्यान्नको मूल्य आकाशिएको छ ।

# साहित्य परिषद् प्युठानको नयाँ कार्यसमिति चयन, तीन स्रष्टा सम्मानित

प्युठान। शनिबार साहित्य परिषद् प्युठानको नवौं अधिवेशन प्युठानको विजुवारमा नयाँ कार्यसमिति चयन गर्दै सप्पन्न भएको छ। अधिवेशनले नवराज आचार्यको अध्यक्षतामा नयाँ कार्यसमितिसमेत गठन गरेको छ।।




सोही अवसरमा वरिष्ठ समालोचक प्रमोद प्रधानद्वारा लिखित 'विजयराज आचार्यका बालकृतिहरूको अध्ययन' विमोचन पनि सम्पन्न गरिएको छ। प्युठान नगरपालिकाका मेयर अशोक्कुमार कक्षपति , उपमेयर शान्ता आचार्य र दाङवाङ माध्यमिक विद्यालयका प्रधानाध्यापक रामप्रसाद आचार्यसहित नेपाल प्रज्ञाप्रतिष्ठानका सदस्य प्रा.डा. गोपीन्द्र पौडेललगायतले कृति विमोचन गरेका थिए। समालोचक प्रधानको यो बालसाहित्य समालोचनाको छैटौं कृति हो।

कृतिको समीक्षा गर्दै लेखक टोपाराम आचार्यले कृति अत्यन्त महत्वपूर्ण भएको बताए। कार्यक्रममा प्युठानबाट राष्ट्रिय रूपमा योगदान पुर्‍याउने नेपाल प्रज्ञाप्रतिष्ठानका सदस्य प्रा.डा. गोपीन्द्र पौडेल, साहित्यकार पद्मप्रसाद शर्मा र भूपेन्द्र सुवेदीलाई सम्मान पनि गरिएको थियो।

कार्यक्रममा प्राडा पौडेलले प्युठानको नेपाली साहित्यमा विशिष्ट योगदान भएको बताए। उनले साहित्य परिषद्मार्फत १ लाखको अक्षयकोष स्थापना गर्ने घोषणा गरे।

बालसाहित्यकार विजयराज आचार्यले प्युठानले धेरै विशिष्ट लेखकहरू जन्माएको बताउँदै सबै प्युठानी साहित्यकारहरू सहभागी हुनेगरी बृहत् साहित्य सम्मेलनको आयोजनाको आवश्यकता औंल्याए। साहित्य परिषद् प्युठानका अध्यक्ष गेहराज थापाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रमोद प्रधान, युवराज भण्डारी र विमला खनालले कविता पाठ गरेका थिए।

सोही अवसरमा नारायण पाण्डे द्वारा लिखित आरोग्य दर्पण पुस्तकको समेत विमोचन गरियको थियो।

# राष्ट्रिय सुसेली मञ्च नेपालको तेस्रो वार्षिकोत्सव सम्पन्न

यही बैशाख १७ गते शनिबार आमाको मुख हेर्ने दिनको पावन अवसरमा राष्ट्रिय सुसेली मञ्च नेपालले तेस्रो वार्षिकोत्सब सम्पन्न गरेकोछ। बरिस्ठ साहित्यकार, आख्यानकार तथा नेपाल प्रज्ञाप्रतिष्ठानकी प्राज्ञ सदस्य माया ठकुरीको प्रमुख आतिथ्य, सुसेली प्रवर्दक तथा सुसेली मञ्चका संस्थापक अध्यक्ष दुर्गा अधिकारी भमरकोटेको सभापतित्व र सुसेली मञ्चकी उपाध्यक्ष सुशीला ढकाल अधिकारीको उद्घोषणमा कार्यक्रम संचालन गरिएको थियो। कार्यक्रममा उपस्थित विशिष्ट अतिथि साहित्यकार तथा गीतकार चन्द्रकला शाह, टोखा न पा वडा नम्बर ९ का वडा अध्यक्ष जे पि नेपाल, सुसेली मञ्चका केन्द्रीय पदाधिकारीहरू लगायत करिब १०० जना कवि साहित्यकारहरूको उपस्थिति रहेको यो कार्यक्रमलाई विश्व साहित्य संस्था सुसेली विभागका सम्रक्षक, सुसेली लेखक तथा गायक तोयानाथ सुवेदीले मन्तव्य र सुसेली गायनले स्वागत गर्नुभएको थियो। प्रमुख अतिथिले पानशमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गरिरहँदा कवि पुनम घिमिरेले स्वस्ति वाचन गर्नुभएको थियो। कार्यक्रमको शुभारम्भ राष्ट्रिय गानबाट भएको थियो। कार्यक्रमको पहिलो चरणमा निम्न बमोजिम १५ जना कवि साहित्यकारहरूका सुसेली पुस्तकहरूको घुम्टो खोली लोकार्पण गरिएको थियो।

१.डा. शैलेन्दुप्रकाश नेपालको "पद्मिनी", सुसेली सँगालो,
२.डा. बमबहादुर थापा जितालीको "सुरिला नेपाली सुसेली" ३. मुरलीप्रसाद ढकालको "श्रीकृष्ण जन्मलीला" सुसेली सँगालो,
४.दामोदर ढकाल दिपकको "जन्मभूमि" सुसेली सँगालो,
५. कमला देवकोटाको "सूक्ष्म चक्षु" सुसेली सँगालो,
६. चन्द्रावती अधिकारीको "लमजुङे सुसेली"
७. पवनकुमार बुढाथोकीको "बेलाको बोली" सुसेली सँगालो,
८. सीता बिष्ट कार्कीको "सुमार्ग चित्र" सुसेली सँगालो
९. डा. समीर कार्कीको "सुन्दर बिहानी" सुसेली सँगालो,
१०. उत्तम विचारको " विचारको बयेली" सुसेली सँगालो,
११. रामप्रसाद अधिकारीको "गोरखाली सौरभ" सुसेली सँगालो,
१२. अम्बिका अधिकारीको "शुभ साइत" सुसेली सँगालरु,
१३. केशवप्रसाद ढकाल प्रीतबीजको "प्रेमिल सुसेली"
१४. सुचिता काफ्लेको "लेक बेसी" सुसेली सँगालो
१५. समीक्षक वासुदेव गुरागाईको "साकारात्मक सोचको उपजका दुई कृति" सुसेली समीक्षा।



विमोचित पुस्तकहरूका लेखकहरूलाई सुसेली मञ्चको तर्फबाट दोसल्ला ओढाएर प्रमाणपत्र सहित सम्मान गरिएको थियो।

कार्यक्रमको दोस्रो चरणमा सुसेलीलाई माया गरेर हरेक वर्ष सुसेली सर्जकहरूलाई सम्मान र पुरस्कार प्रदान गर्न निम्नलिखित ६ जना कवि साहित्यकार ज्यूहरूले अक्षयकोषको घोषणा सहित रकम हस्तान्तरण गर्नुभएको थियो।

१. तेजप्रकाश बानियाँ र दुर्गा अधिकारी भमरकोटे -"तीर्थस्थल भमरकोट" सुसेली पुरस्कार।
२. सुशीला ढकाल अधिकारी, राम/सुशीला सुसेली पुरस्कार।
३. चन्द्रा न्यौपाने - शेष/चन्द्रा सुसेली पुरस्कार
४. केशव ढकाल -केशव/विमला सुसेली पुरस्कार
५. सुचिता काफ्ले -ऋतु/सुचिता सुसेली पुरस्कार
६. कमला देवकोटा - कृष्णचन्द/कमला सुसेली पुरस्कार

यसको लगत्तै विशेष सुसेली गायनको श्रृङखला सुरु भएको थियो। विशेष सुसेली गायनमा निम्न सुसेली सर्जक तथा गायकहरूको सहभागिता रहेको थियो।

१. वासुदेव ठकुरी
२. पुनम घिमिरे
३. सुरेशचन्द्र घिमिरे
४. जानुका थापा रायमाझी
५. शारदा आचार्य
६. लक्ष्मीप्रसाद मिश्र

सुसेली विशेष गायन सुरु भएदेखि नै उपस्थित कवि साहित्यकार ज्यूहरूले ताली बजाउँदै मादल र मुजुराको तालमा सुन्दर नृत्यहरू प्रस्तुत गर्दाको सुसेली रौनकको बयान गर्ने शव्द मैले पाएको छैन। विशेष गायनका अलावा कवि कविराज घिमिरे र कवि डिल्लीप्रसाद मूलतिहुनको सुसेली गायनले सबैलाई नचाएको थियो।

यस्तै सुसेली मञ्चको संगठनात्मक क्रियाकलापमा अभिवृद्धि गर्दै सुसेलीलाई सातै प्रदेमा विस्तार गरि अधिराज्य भर फैलाउन केन्द्रीय समिति बिस्तार गरिएको छ। केन्द्रीय समितिमा चयन हुनु भएका थप सदस्यहरू निम्न बमोजिम हुनुहुन्छ।

१. शान्तिनारायण श्रेष्ठ - उपाध्यक्ष तथा ४ नम्बर प्रदेश सल्लाहकार
२. उत्तम बिचार भेटुवाल - सचिव
३. पुनम घिमिरे - महिला विभाग प्रमुख
४. राजन न्यौपाने - प्रचारप्रसार विभाग प्रमुख
५. केशवप्रसाद ढकाल - गण्डकी प्रदेश संयोजक

सदस्यहरू:

जानुका थापा रायमाझी,सुरेशचन्द्र घिमिरे, सीता घिमिरे, कमला देवकोटा, द्वारिका कुँइकेल, कल्पना भट्टराई, अम्बिका अधिकारी, तोयानाथ सुवेदी, ऋतु न्यौपाने, रामप्रसाद अधिकारी, पवनकुमार बुढाथोकी, टंकबहादुर बजगाई, ओमप्रसाद कोइराला, सुधा बास्कोटा ढकाल, शारदा आचार्य, चन्द्रमणी अधिकारी, गीता अर्याल, दिनानाथ पोखरेल, गोविन्द लामिछाने, चन्द्रावती अधिकारी, कविराज घिमिरे, आर्त अकुलिन, रुद्र अधिकारी, तीला लेकाली, टेकबहादुर लौंडारी, सर्मिला तिमल्सिना, यसोदा गिरी र हाल सम्म सुसेली पुस्तक प्रकाशित गर्नुहुने सबै लेखकहरू पदेन सदस्य हुनुहुनेछ।

कार्यक्रमको बिच बिचमा वक्ताहरूलाई सुसेलीका विषयमा बोल्न दिइएको थियो। पहिलो वक्ता सुसेली मञ्चकी सल्लाहकार चन्द्रा न्यौपानेले सुसेली अब देशव्यापी मात्र नभएर विश्वव्यापी हुँदै गएकोमा खुसी व्यक्त गर्दै आमा सम्बन्धि सुसेलीहरू लयमा गाएर सुनाउनु भएको थियो। अर्का वक्ता सुसेली मञ्चका सल्लाहकार तथा वेद विज्ञ तिलकप्रसाद लुइँटेलले सुसेलीले हाम्रो लोक साहित्यको मौलिकता र ऐतिहासिकता जोगाउन ठूलो योगदान गरिरहेको चर्चा गर्दै, आज आमाको मुख हेर्ने दिनमा, आमाको मुख हेर्ने भन्दा पनि आमालाई मुख देखाउन योग्य बन्नुपर्ने कुरा सबैले बुझ्नु जरुरी भएको बताउँनु भयो। यसैगरी अर्का वक्ता तथा कार्यक्रमकी विशिष्ट अतिथि गीतकार चन्द्रकला शाहले पहिले ५, ७, ५ मा हाइकु भनेर लेखियो तर के के लेखियो कुरा बुझिएको थिएन। केही ५, ७, ५ का रचनाहरू नेपाली लोकलयमा गाइयो पनि। अहिले ५, ७, ५ को रचनाले नेपाली मौलिक नाम "सुसेली" लिएर धेरै अगाडि बढिरहेको देख्दा अत्यन्त खुसी लागेको छ र यसका अभियन्ताहरूमा हार्दिक धन्यवाद दिँदै आफ्ना रेकर्ड भैसकेका पुराना ५, ७, ५ का पहिलेका हाइकु अहिलेका सुसेली भन्दै सुरिलो स्वरमा गाएर सुनाउनु भएको थियो।

कार्यक्रमकी प्रमुख अतिथि प्राज्ञ माया ठकुरीले सुसेलीले पहिलेपहिले गाउँ बेसी, मेलापात, सोतर गोबर गर्दाका समयमा गुनगुनाउँने गरेका लोकलयको सम्झना गरायो भन्दै काग कराउँदा आमा र माइतीको खबर आयो भन्ने हाम्रो बिश्वास अझैसम्म कायमै रहेको सम्झिनुका साथै नारी पुरुष एक अर्काका पुरक भएको हुँदा बिरोध गर्न नहुने र नपर्ने कुरा बताउँदै आपसमा मिलेर अगाडि बढ्नुको विकल्प छैन भन्दै पुराना लोकलयका त्रिपदी गाएर सुनाउनु भएको थियो। कार्यक्रमको अन्तमा सुसेलीको तेस्रो वार्षिकोत्सब सफल पार्न प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्ने सबैलाई मायाको चिनो प्रदान गर्दै धन्यवाद सहित सभापति दुर्गा अधिकारी भमरकोटेले कार्यक्रमको समापन गर्नुभएको थियो।

भमरकोटे।

# कविता

## साँढे र कोरली

रमेश खकुरेल

कोरेली एक बाच्छी वरपर धुरिए सात दुर्दान्त साँढे
होक्काँको नाद छोड्दै खुर खरखरको तालले भूमि फाँडे
जो हे-यो ठान्छ ऊ नै सबल र सबमा ऐँच राख्ने छ शक्ति
बाँकीले गर्नु पर्ने मुदित नयन भै होक्क हाँमाथि भक्ति ।।

यौटाको नाक नेप्टो कतितिर यसले सुँघ्न जाँदा कुहेको
अर्काको ठोसिएको सिङ छ बल गरी ठोस्न जाँदा झरेको
अर्को जोतेर खाने डरसित घरको द्वार छोडी हिँडेको
झन् अर्को डामिएको पशुपति नगरीमा मवाली बनेको ।।

सारा भन्छन् म मात्रै असल छु यसको भोगका लागि योग्य
बाँकी जो छन् सबै छन् अकुशल लठुवा प्रेम गर्नै अयोग्य
जो जो छौ सामु जे छौ सुन र गुन कुरा सुम्प झट्टै मलाई
मान्दैनौ ता नराम्रो पछि सहनु परे धत् नभन्नू मलाई ।।

## गजल

निशा केसी

योगदान हुन्छ सबै मौरीको, मह बनाउने एक्लो रानू हुँदैन
तेजहीन हुन्छन् ताराहरू, चम्किने आकाशमा भानु हुँदैन ।

फलाउन त भकारीका भकारी धान फलाउँछ हर्कमान
कठै ! साँझ बिहान हातमुख जोर्न उसकै घरमा मानु हुँदैन ।

पागल भन्नुहुन्छ, ऊ रात दिन सडक पेटीमा भौंतारिन्छ
के गरोस् बिचरा ! जब उसको शिर लुकाउने छानु हुँदैन ।

बिडम्वना ,भोकको पनि नागरिकता खोज्छ सरकार
हुलिया मिलाउँदै भन्छ, नियमभन्दा बाहिर जानु हुँदैन ।

चारै दिशाबाट, आऊ युवाहरू, तिमीले काँध थाप्नुपर्छ
यो देशलाई अब, बुढा, धमिरा धमिरीहरूले खानु हुँदैन ।

## भाले करायो

रमेशचन्द्र घिमिरे

कुखुरी काँ गरेर रातो भाले करायो
त्यो भालेको स्वर सुनी भाइ डरायो

सस्तो पाई महङगोमा बेच्न लान हो या
अल्लि ठूलो भएपछि काटी खान हो या

केको आँट गरेर ल्याउनुभयो बाले
जे भए नि हाम्रो घरमा आयो रातो भाले

साँझ पर्दा आउँछ दिउसो कता जान्छजान्छ
छरिएका कनिका र चामल दाना खान्छ

त्यो भालेले यतिसम्म गर्छ काम ठिक्क
तर फोहोर बिस्ट्याउँदा पो लाग्छ साह्रै दिक्क

ञभाले किन ल्याइयो त नि ?झसोधैं बाबासँग
बाको उत्तर सुनेपछि परैं म त दंग

भन्नुभयो बाले हिजो ञमै गएर ल्याएँ
तिम्रो हातमा घडी छैन, त्यै भएर ल्याएँझ

ढिलो उठ्ने बानी थियो छिटै उठ्ने गरायो
कुखुरी काँ गरेर रातो भाले करायो ।

# २०० किमी रेन्ज सहित सुपर सोकोका दुई इलेक्ट्रिक मोटरसाइकल नेपाल आउने

काठमाडौं - नेपाली बजारमा दुई नयाँ स्पोर्टी मोटरसाइकल भित्रिने भएका छन्। नेपालका लागि सुपर सोकोको आधिकारिक वितरक डी लाइफस्टाइल्सले यी मोटरसाइकल उपलब्ध गराउने भएको हो।



कम्पनीले सुपर सोको टीएस स्ट्रिट हन्टर र टीसी वान्डरर गरी दुई मोटरसाइकल उपलब्ध गराउने बताएको छ। लिमिटेड संख्यामा मात्र उपलब्ध हुने यी मोटरसाइकलको बुकिङ खुला गरिएको छ।

दुवै मोटरसाइकलमा ३ हजार ५ सय वाटको मोटर प्रयोग गरिएको छ। यसले १८० एनएम पिक टर्क जेनेरेट गर्छ। यसको टप स्पिड ७५ किलोमिटर प्रतिघण्टा छ।

यी मोटरसाइकलमा ६० भोल्ट ३२ एएचको ड्युअल ब्याट्री प्रयोग गरिएको छ र यसले सिंगल चार्जमा २ सय किलोमिटरको रेन्ज दिन्छ। सिंगल ब्याट्री १० एम्पियर करेन्टमा चार्ज गर्दा साढे ३ घण्टामा फुल चार्ज हुन्छ।

सुपर सोको टीएस स्ट्रिट हन्टरमा पर्फमेन्स अप्टिमाइज गर्नका लागि सेल्फ डेभलप्ड बीएमओएस इन्टेलिजेन्ट इन्टर्याक्टिभ सिस्टम छ। त्यसैगरी यसमा सार्प फ्याङ-सेप्ड हेडलाइट, रेसिङ स्टाइल साइड विङ, ठूलो स्टोरेज स्पेस, लोअर सेन्टर अफ ग्राभिटी, बेटर कन्ट्रोल, थ्री डाइमेन्सनल रेसिङ कुशन, सीबीएस ब्रेकिङ सिस्टम, एन्टी थेफ्ट अलार्म, वान प्रेस स्टार्ट आदि विशेषता उपलब्ध छ।

सुपर सोको टीसी वान्डररमा चाहिं क्लासिक राउन्ड सेपको ल्याम्प छ। यसको सबैतिर एलईडी लाइटिङ सेटअप छ। यसले गर्दा ब्राइटर लाइट र वाइडर भिजन हुन्छ।


यो मोटरसाइकल भिन्टेज मोडलमा आधारित छ, जसले गर्दा स्ट्रिमलाइन्ड र रग्ड बडी स्टाइलको छ। राइडरलाई यसले फ्रिडम र एड्भेन्चर स्पिरिट दिन्छ। यसमा रेट्रो फिलिङ टच उपलब्ध छ भने पर्सनालिटी शो गर्न पनि सहयोग गर्छ।

यसमा भएको इन्टेलिजेन्ट ब्याट्री म्यानेजमेन्ट सिस्टमले ब्याट्रीलाई ३६० डिग्री रियल टाइम मोनिटरिङ र प्रोटेक्सन गर्छ। यसमा पनि सीबीएस लिंकेज, एन्टी थेफ्ट सिस्टम, स्मार्ट रिमोट, वान प्रेस स्टार्ट आदि फिचर उपलब्ध छन्। सुपर सोको टीएस स्ट्रिट हन्टरको मूल्य ३ लाख ७९ हजार ९ सय र सुपर सोको टीसी वान्डररको मूल्य ३ लाख ८९ हजार ९ सय रुपैयाँबाट प्रारम्भ हुने कम्पनीको भनाइ छ।

# टाटा एस अब इलेक्ट्रिक भर्सनमा : १५४ किमी रेन्जमा आयो एस ईभी

टाटा मोटर्सले कमर्सियल भेइकलको रुपमा बजारमा उपलब्ध गराएको १७ वर्ष पश्चात टाटा एसलाई अब इलेक्ट्रिक भर्सनमा सार्वजनिक गरेको छ। टाटा मोटर्सले निकै नै सफल मानिएको यो 'छोटा हाथी' यो देखाउनका लागि आफ्नै ईभी ब्रान्डिङ गरिएको छ। ठूलो र बोल्ड अक्षरमा 'एस ईभी' को ब्रान्डिङ गरिएको छ।

इन्टेरियरमा ब्लुटुथ कनेक्टिभिटी सहितको ७ इन्चको इन्फोटेनमेन्ट सिस्टम छ। सेन्टर ड्यासमा विभिन्न फिचर छन्। अल इलेक्ट्रिक भर्सनमा उपलब्ध टाटा एसको मूल्य सार्वजनिक नगरिए पनि यसको मूल्य ४ लाख साढे ५ लाख भारु सम्म हुने अनुमान गरिएको छ। नेपाली बजारमा समेत निकै नै लोकप्रिय मानिने सानो




सेगमेन्टको बेस्ट सेलर भएको बताइन्छ।


टाटा मोटर्सले यसमा पहिलो पटक इभोजेन पावरट्रेनको प्रयोग गरेको छ, जसले १५४ किलोमिटरको रेन्ज प्रदान गर्ने बताइएको छ। यसमा भएको २१.३ किलोवाट आवरको ब्याट्री प्याकले ३६ बीएचपी पावर र १३० एनएमको टर्क जेनेरेट गर्छ। टाटा मोटर्सका अनुसार यसको ड्राइभिङ रेन्ज बढाउनका लागि उन्नत ब्याट्री कुलिङ सिस्टम र रिजेनेरेटिभ ब्रेकिङ सिस्टम समेत उपलब्ध छ।

हाल उपलब्ध ग्यासोलिन पावर भर्सनसँगको एस ईभी समेत निकै नै मिल्दोजुल्दो छ। यद्यपि यसलाई फरक इन्टरटेनमेन्ट सिस्टमसँगै इन्स्ट्रुयुमेन्ट क्लस्टर छ। यसमा ब्याकअप क्यामेरा, टायर प्रेसर मोनिटरिङ सिस्टम र अन्य पिकअप ट्रक टाटा एसको इलेक्ट्रिक भर्सन आगामी दिनमा समेत लोकप्रिय हुने अपेक्षा गरिएको छ।

# आकर्षक लुक सहित होन्डाले हाइनेस सीबी ३५० मा थप्यो नयाँ फिचर

होन्डा टु ह्विलर इन्डियाले आफ्नो लोकप्रिय बाइक हाइनेस सीबी३५० मा आफ्नो होन्डा स्मार्टफोन भ्वाइस कमाण्ड सिस्टमको लागि आईओएस लन्च गरेको छ। कम्पनीको होन्डा स्मार्टफोन भ्वाइस कमाण्ड सिस्टमले ब्लुटुथ मार्फत स्मार्टफोनमा जडान गरेर कल, सन्देश र नेभिगेसन जानकारी देखाउँछ।

सो फिचर बाइकको हाई-स्पेक डीएलएक्स प्रो र एनिभर्सरी एडिसन मोडलहरूमा मात्र उपलब्ध छ। डीएलएक्स प्रो को मूल्य २ लाख ३ हजार १७९ भारु छ र एनिभर्सरी भर्सनको मूल्य २ लाख ५ हजार ६७९ भारु छ। सो बाइकमा नयाँ आईओएस कम्प्याटिबिलिटी इन्टिग्रेसन बाहेक बाइकका अन्य फिचरमा कुनै परिवर्तन गरिएको छैन।




सर्पदंश (सर्पको टोकाई) बाट बच्न...
- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजि गरी त्यस्ता ठाँउहरुको ब्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं, श्र खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठि लिएर हिँडौं,
- सम्भव भए सम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस